

शेर्पा समुदायको ग्याल्बो ल्होसारको अवसरमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

www.rajdhanidaily.com

वर्ष २४, अंक २५६ शुक्रबार १६ फागुन २०८१, नेपाल संवत् ११४५ | RAJDHANI Nepali National Daily | Friday 28 February 2025 | पृष्ठ : ८ | मूल्य रु. ५०/-

राजधानी
@Rajdhani_daily
rajdhanidaily.com
@RajdhaniRastriyaDainik
RAJDHANI NATIONAL DAILY
LIKE & FOLLOW

## प्रकाशकीय

आदरणीय पाठकवृन्द !

राजधानी राष्ट्रिय दैनिक विगत २४ वर्षदेखि निरन्तर प्रकाशित भई नेपाली मूलधारको सञ्चारजगत्मा स्थापित छ। २४औं वर्षको यात्राका क्रममा नेपालले बेहोर्नुपरेको महाभूकम्प, विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड), आर्थिक मन्दी, महँगी तथा विज्ञापन बजार खस्कँदै जानु, पत्रिका छपाइका लागि आवश्यक सामग्रीको मूल्यवृद्धिलगायत विविध कठिनाइका बावजुद पनि हामीले साबिक मूल्यमै हाम्रा पाठकसमक्ष समाचार पुऱ्याउँदै आइरहेका थियौं ।

आगामी दिन सत्यतथ्य र विश्वसनीय समाचार पाठकमाझ पुऱ्याई पत्रिकालाई निरन्तरता दिन कठिनाइ भएका कारण आजकै मितिबाट पत्रिकाको मूल्य समायोजन गर्न बाध्य भएका छौं । आशा छ, सम्पूर्ण पाठकवर्गले हाम्रो यस बाध्यात्मक कदमलाई विगतमा जस्तै सहयोग र साथ दिनुहुनेछ भन्ने विश्वास लिएका छौं ।

हामी बुझ्छौं कि पत्रिकाको मूल्य समायोजनले पाठकवर्गलाई केही असुविधा त पक्कै हुनेछ । तर, निडर भई सत्यतथ्यमा आधारित रहेर अरूभन्दा भिन्दै समाचार प्रेषित गरी हामी हाम्रा पाठकको सुसूचित हुने अधिकारको पूर्ण ग्यारेन्टी दिन प्रतिबद्ध छौं ।

राजधानी राष्ट्रिय दैनिकप्रति तपाईंहरूको साथ र सहयोगका लागि हामी हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

**प्रकाशक**
**आशिष शेरचन**
प्रबन्ध निर्देशक

# बिक्दै नबिक्ने पत्रिका

## न बिक्छ, न त झुक्छ

## अब रू. ५०/- मा

C M Y K

# प्रश्न सोधिरहन्छ,
# उत्तर खोजिरहन्छ ।

किन के किन कहिले
के के को कसरी को
किन कहाँ के कहाँ को
किन कहाँ
के कसरी किन के को
कहिले
के कहाँ
किन कहिले
कहाँ को
को
कसरी
के कसरी
किन को
कसरी के
कहाँ
कहिले

# दिन्छ सधैं साथ,
# बन्छ सबैको आवाज ।

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी

www.rajdhanidaily.com



प्रजातन्त्र नभए देश रहँदैन, राजा रहँदैनन्, हामीहरूको त कुरै भएन ।

• विश्वेश्वरप्रसाद कोइराला


लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

www.rajdhanidaily.com

वर्ष २४, अंक २५६ शुक्रबार १६ फागुन २०८१, नेपाल संवत् ११४५ | RAJDHANI Nepali National Daily | Friday 28 February 2025 | पृष्ठ : ८ | मूल्य रु. ५०/-




• ग्राहक बन्धुपरेमा
• नवीकरण गर्नुपरेमा
• ठेगाना परिवर्तन भएमा
• पत्रिका नियमित नआएमा

०१-४८११०८० विहान १० बजेदेखि साँझ ५ बजेसम्म, Ext. 108, 112

राजधानी न्युज पब्लिकेसन प्रा.लि.
rajdhani_circulation@yahoo.com


# स्पष्टीकरण सोध्ने ऊर्जा मन्त्रालयमाथि कुलमानको उल्टै प्रश्न

• पदबाट हटाउने सम्बन्धमा दोस्रोपटक स्पष्टीकरण सोधिएपछि '२४ घण्टाभित्र स्पष्टीकरण पेस गर्नुपर्ने जरुरीपना र तत्कालै कारबाही गर्नुपर्ने अवस्था विद्यमान नभएको' घिसिङको प्रस्टोक्ति




**राजधानी समाचारदाता**
काठमाडौं, १५ फागुन

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा मन्त्रालयलाई आफूलाई स्पष्टीकरण सोध्ने अधिकार नभएको जवाफ दिएका छन् । सार्वजनिक बिदाका दिन पारेर ऊर्जामन्त्री दीपक खड्काले २४ घण्टे स्पष्टीकरण सोधेपछि कार्यकारी घिसिङले बिहीबार सो स्पष्टीकरण दिएका हुन् ।

कुलमानले लेखेका छन्, 'निवेदकलाई सेवाबाट हटाउने विषयमा स्पष्टीकरण सोध्ने र कारबाही गर्ने अधिकार कानुन व्याख्यासम्बन्धी ऐन, २०१० को दफा १६, नेपाल सरकारको कार्यसञ्चालन नियमावली, २०६४ को नियम २१ (अनुसूची-१ को क.सं. ३३) र नेपाल विद्युत् प्राधिकरण कार्यकारी निर्देशक वा महाप्रबन्धकको सेवा, सर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६१ को विनियम २४ बमोजिम मन्त्रालयलाई नभएको व्यहोरा पुनः निवेदन गर्दछु ।'

उनले नेपाल विद्युत् प्राधिकरण कार्यकारी निर्देशक वा महाप्रबन्धकको सेवा, सर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६१ को विनियम २२ मा उल्लिखित अवस्थामध्ये कुन आरोपमा कारबाही गर्न लागिएको हो ? भन्ने प्रश्न गर्दै स्पष्टीकरणमा कसुर यकिन नगरी गोश्वारा आरोपमा कारबाही गर्न नमिल्ने जवाफ दिएका छन् ।

पदबाट हटाउने सम्बन्धमा दोस्रोपटक स्पष्टीकरण सोधिएपछि उनले स्पष्टीकरण २४ घण्टाभित्र पेस गर्नुपर्ने जरुरीपना र तत्काले कारबाही गर्नुपर्ने अवस्था विद्यमान नभएको उल्लेख गरेका छन् । स्पष्टीकरण माग गर्दा प्रतिवाद गर्ने उचित र पर्याप्त समय नदिइएको समेत प्राकृतिक न्यायको मान्य सिद्धान्त प्रतिकूल रहेको उनको जवाफमा उल्लेख छ ।

कार्यसम्पादनको मूल्यांकन नै नगरी स्पष्टीकरण माग गरिएको विषय आफैंमा अपरिपक्व र अनुचित रहेको भन्दै स्पष्टीकरणका सम्बन्धमा लगभग डेढ महिनासम्म कुनै कारबाही नगरी अचानक २४ घण्टाको अवधि दिई स्पष्टीकरण माग गरिएको कार्य प्रक्रियागत रूपमा गम्भीर त्रुटिपूर्ण, अनाधिकारयुक्त एवं पूर्वाग्रह प्रेरित रहेकाले त्यस्तो स्पष्टीकरणका आधारमा सेवाबाट हटाउन नमिल्ने उल्लेख छ ।

११ फेब्रुअरी २०२५ मा नयाँ दिल्ली भारतमा आयोजना भएको ज्वाइन्ट स्टियरिङ कमिटीको बैठकमा सहभागी हुन मन्त्रालयबाट पत्राचार गरी मनोनयन भएको र सो ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र भारतको केन्द्रीय विद्युत् प्राधिकरणबीच छलफल भई तय भएको घिसिङले स्पष्टीकरण दिएका छन् ।

घिसिङले सो समितिको बैठक भारतको केन्द्रीय विद्युत् प्राधिकरणको सदस्य र नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको सहअध्यक्षतामा बस्ने व्यवस्था रहेको र बैठकबाट सन् २०२५ को अप्रिलबाट २०२६ को मार्चसम्मका लागि १३२, ३३ र ११ केभी प्रसारण लाइनमार्फत आदान-प्रदान गरिने विद्युत्को प्रतियुनिट दर तय गरिएको स्पष्टीकरणमा उल्लेख गरेका छन् ।

हाल तय गरिएको दर अहिलेसम्मकै सबैभन्दा कम वृद्धि भएको दर भएको र आवश्यक परेमा मात्र यस सम्झौताबमोजिम सुखायामका महिनामा मुख्य रूपमा साँझ ४ बजेदेखि राति ९ बजेसम्म र भारतीय इनर्जी एक्सचेन्जबाट प्रतिस्पर्धा गरी विद्युत् आयात स्वीकृति नभएको अवधिमा मात्र आयात गरिने स्पष्टीकरणमा उल्लेख छ । हाल तय गरिएको नयाँ दर भारतीय इनर्जी एक्सचेन्जमा पिक समयमा पर्ने करिब प्रतियुनिट १० रुपैयाँ भारतीय रुपैयाँभन्दा सस्तो रहेको भनाइ कुलमानको छ ।

विगतमा भए गरेका प्रचलन तथा अभ्यासबमोजिम ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा बैठकका एजेन्डाका विषयमा छलफल गरिएको उनले उल्लेख गरेका छन् । सो दर नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिबाट अनुमोदन र विद्युत् नियमन आयोगबाट स्वीकृति प्राप्त भएपछि मात्र लागू हुने उल्लेख छ ।

सञ्चालक समिति र नियमन आयोगबाट स्वीकृत भएपश्चात् २०२५ अप्रिलदेखि मात्र तय गरिएको नयाँ दर लागू हुने बताइएको छ । कुलमानले लेखेका छन्, 'सदस्य सचिव तहबाट सञ्चालक समितिको बैठक बस्न पत्राचार गरेको अवस्थामा समेत लामो समयदेखि बैठक बस्न नसकेका कारणले प्रस्तुत विषय सञ्चालक समितिमा प्रस्ताव पेस हुन सकेको छैन ।'

नेपालमा विद्युत्को उच्चतम माग हुने समयको विद्युत् माग-आपूर्ति व्यवस्थापन गर्न विगतदेखि नै यस प्रकारको सहमतिलाई मूर्तरूप दिई कार्यान्वयन गरिएको हुँदा सो समेतलाई दृष्टिगत गरी हालसम्मको विद्युत् आयातमा सबैभन्दा न्यून वृद्धि दरमा आयात गर्ने प्रबन्धलाई मन्त्रालयबाट स्वामित्व ग्रहण गर्नुपर्नेमा अनावश्यक रूपमा प्रश्न उठाउने एवं जिम्मेवार अधिकारीलाई हतोत्साहित गर्ने कार्य भएको हुँदा यस्तो कार्यबाट पर्न सक्ने दूरगामी प्रभाव र द्विपक्षीय सम्बन्धमा पर्न सक्ने असरसमेतलाई विचार गरेर मात्र प्रश्न उठाउने कार्य गर्न गराउन पनि उनले स्पष्टीकरणमार्फत मन्त्रालयलाई चेतावनी दिएका छन् ।

बाँकी पृष्ठ ५ मा ▸▸



# मलेसियामा १२ अवैध ई-वेस्ट कारखानामा छापा

• नेपालीसहित ४ सय २० अवैध कामदार पक्राउ

**योगेन्द्र योगी/राजधानी**
काठमाडौं, १५ फागुन

मलेसियाले भिसा सकिएर लुकिछिपी बसेकाहरूमाथि कारबाही तीव्र पारेसँगै ४ सय २० अवैध कामदारलाई पक्राउ गरेको छ । त्यहाँको अध्यागमन विभागले जोहर र सेलांगोरमा अवैध विद्युतीय तथा इलेक्ट्रोनिक फोहोर (ई-वेस्ट) प्रशोधन गर्ने १२ वटा कारखानामा एकैसाथ छापा मारेर विभिन्न अपराध गरेको आशंकामा ४ सय २० अवैध आप्रवासीलाई पक्राउ गरेको हो ।

तीमध्ये १० कारखाना जोहरमा रहेका थिए भने अन्य दुईवटा सेलांगोरको तेलोक पांगलिमा गासङमा थिए । अध्यागमनका उपमहानिर्देशक (अपरेसन) जाफरी इम्बोक तनाहाले बिहान ९ बजेबाट सुरु भएको मलेसियाली भ्रष्टाचार निरोधक आयोग (एमएसीसी)सँगको सहकार्यमा ७ सय ५३ जनाको स्क्रिनिङ गरिएको बताए ।

पक्राउ परेकासँग वैध ट्राभल डकुमेन्ट नभएको, ओभरस्टेमा बसेको, ट्राभल डकुमेन्टको दुरुपयोग गरेको अध्यागमनका उपमहानिर्देशक जाफरीले बताए । 'पक्राउ परेका २० देखि ३० वर्षका छन्, जसमा अधिकांश बंगलादेशी छन्, त्यसपछि म्यानमारका र नेपाली छन्,' उनले जालान बुलोह कासापस्थित कारखानामा अपरेसनपछि भने ।

जालान बुलोह कासापमा पक्राउ परेका सबैलाई थप अनुसन्धानका लागि मेलाकाको माछाप उम्बु अध्यागमन डिपो र जोहरको पेकान नानस अध्यागमन डिपोमा लगिएको उनले बताए । विभागले विदेशी कामदारको व्यवस्थापनमा रोजगारदाताको प्रतिनिधिको भूमिका निर्वाह गर्ने ३० वर्ष नाघेका पाँच स्थानीयलाई पनि नियन्त्रणमा लिएको उनले बताए ।

'अध्यागमन ऐन १९५९/६३ र अध्यागमन नियमावली १९६३ को नियमावली ३९(ख) अन्तर्गत कारबाही गरिनेछ,' जाफरीले भने, 'उनीहरूले पटकपटक अपराध गरेका छन् कि छैनन् भन्ने पनि अनुसन्धानले पत्ता लगाउनेछ ।'


उनका अनुसार एउटा कारखानामा बर्नामा जाँच गर्दा रोजगारदाताले विदेशी कामदारका लागि छात्रावास उपलब्ध गराए पनि कम्तीमा चारवटा ब्लक भएका सुविधा फोहोर, असहज र भीडभाड भएको पाइएको थियो ।

गत शनिबार पनि भएको अपरेसनमा १७ देखि ५७ वर्ष उमेर समूहका ६ सय ३० जनामध्ये ५ सय ९८ विदेशीलाई पक्राउ गरिएको थियो । अध्यागमनले ५ सय ३० म्यानमारका, बंगलादेशका ८५, इन्डोनेसियाका ७, भारतीय नागरिक ५ र एक नेपालीको निरीक्षण गरेको र उनीहरू सबैलाई अनुसन्धानका लागि सेमेनिह अध्यागमन डिपोमा राखिने बताइएको छ । मलेसियाले दिएको आममाफीमा घर नफर्किएकाहरूमाथि कारबाही तीव्र पारेको हो ।

पछिल्लो समय मलेसियामा गैरकानुनी कामदारमाथि धडपकड अभियान तीव्र पारेसँगै सयौं नेपाली पक्राउ परेको भन्दै गैरकानुनी भएर नबस्न र यदि बसेको भए आवश्यक पर्ने जरिमाना तिरेर नेपाल फर्कन त्यहाँस्थित नेपाली दूतावासले अनुरोध गर्दै आएको छ ।

# नैतिक संकटमा ओली सरकार

▸▸ उच्चस्तरीय राजनीतिक संयन्त्रमा आज छलफल हुँदै



**सुभाष साह/राजधानी**
काठमाडौं, १५ फागुन

सरकारले ल्याएको अध्यादेश संघीय संसद्बाट पारित हुन नसकेपछि सरकार नैतिक संकटमा परेको छ । अध्यादेश पारितका लागि छलफल, संवाद एवं वार्ता जारी छ । तर, सहमति जुट्न सकेको छैन । सहमति जुटाउन सरकारले निरन्तर दलका नेताहरूसँग छलफल गरिरहेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली आफैं सत्तारूढ दलका शीर्ष नेताहरूसँग छलफलमा छन् । सरकारमा सहभागी लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) र सरकारलाई समर्थन गरेको जनता समाजवादी पार्टी नेपाल (जसपा)ले सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेश अस्वीकार गर्दै विपक्षमा मतदान गर्ने निर्णय सार्वजनिक गरेपछि प्रधानमन्त्री ओलीलाई सकस परेको छ ।

प्रतिनिधिसभामा बहुमत भए पनि राष्ट्रिय सभामा सत्तारूढ गठबन्धनलाई बहुमत छैन । लोसपा र जसपा दुवैले अध्यादेश अस्वीकार गर्ने निष्कर्षमा पुगेपछि प्रधानमन्त्री ओली नैतिक संकटमा परेका छन् । ओली जसरी पनि ती अध्यादेश पारित गराउने पक्षमा छन् ।

सत्तारूढ नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले)सहितका दल अध्यादेश पारित गराउने पक्षमा छन् । कांग्रेस र एमालेकै केही नेताले अध्यादेशमा असन्तुष्टि व्यक्त गरे पनि दलको आदेश मान्दै स्वीकार गर्नुपर्ने अवस्था छ । तर, सत्तारूढ लोसपा र जसपाले अस्वीकार गर्ने निर्णय नै गरिसकेका छन् ।

विपक्षी दलहरू नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), आम जनता पार्टी (आजपा), नेपाल समाजवादी पार्टी (नेसपा महेन्द्रराय)सहितका दलहरूले अध्यादेश अस्वीकार गर्ने निर्णय यसअघि नै गरिसकेका छन् ।

अध्यादेश पारित हुन नसकेको तनावका बीचमा प्रधानमन्त्री ओलीले पुनः छलफल गर्ने भन्दै उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक बोलाएका छन् ।

बैठक आज (शुक्रबार) बेलुकी ५ बजे प्रधानमन्त्री निवास बालुवाटारमा बस्दै छ । कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेका अनुसार पछिल्लो राजनीतिक अवस्थासहित विभिन्न विषयमा बैठकमा छलफल हुनेछ ।

'अध्यादेशका विषयमा त्यस्तो गरी एजेन्डा नै राखेर छलफल गर्ने विषय छैन तर शीर्ष तहका नेताबीच छलफल भएपछि अब कसरी अगाडि बढ्ने भनेर केही न केही छलफल होला,' कांग्रेस प्रमुख सचेतक घिमिरेले भने ।

उच्चस्तरीय राजनीतिक संयन्त्रमा एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, अर्थमन्त्री एवं एमाले उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाल छन् ।

बाँकी पृष्ठ ५ मा ▸▸


व्यक्तिगत विवरण सुरक्षित राखौं, साइबर अपराधबाट जोगिऔं

लोकप्रिय राष्ट्रिय दैनिक राजधानी

कम्प्युटर, मोबाइल र इन्टरनेट प्रयोग गर्दा:

बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रूपमा परिवर्तन गर्नुहोस् ।

अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिंक नखोल्नुहोस् ।

आफ्ना व्यक्तिगत विवरणहरु (ओटीपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई सेयर नगर्नुस्, सुरक्षित राख्नुहोस् ।

अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिनुस् ।

ह्वाट्स एप, इमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाउनुस् । त्यस्ता कल पटक पटक आए ब्लक गर्नुहोस् ।

» आरक्षणको फैसला कार्यान्वयनमा ढिलाइ

# सर्वोच्चको फैसला कार्यान्वयन निर्देशनालयले प्रधानमन्त्री कार्यालयसँग जवाफ माग्यो

**राजधानी समाचारदाता**
काठमाडौं, १५ फागुन



सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयन गर्न सरकारले ढिलाइ गर्दै आइरहेको छ । पछिल्लो समय दुई वर्षअघि थारूलगायतको आरक्षणको विषयमा सरकारका नाममा दिएको परमादेश कार्यान्वयन नभएपछि सर्वोच्चले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् र संघीय संसद् सचिवालयसँग लिखित जवाफ मागेको छ ।

सर्वोच्चले ९ महिनाभित्र कानुनी व्यवस्था गरी सम्पन्न गराउन दिएको आदेशको भए पनि २ वर्ष बित्दा पनि कार्यान्वयनको चरणमा नगएपछि सरकारसँग लिखित जवाफ मागेको हो । यसअघि सर्वोच्चको फैसला निर्देशनालयले १६ पुस २०८० मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र संघीय संसद् सचिवालयलाई फैसला कार्यान्वयनपत्र काटेको थियो । तर, लामो समयसम्म लिखित जवाफ नपठाएपछि सर्वोच्चले पुन ५ फागुन २०८१ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय संसद् सचिवालय, सिंहदरबारलाई फैसला कार्यान्वयन गर्न 'सख्त ताकेता' पत्र लेखेको हो । '...श्री सर्वोच्च अदालतबाट मिति २०७९/१०/२४ मा भएको आदेश कार्यान्वयनको सम्बन्धमा यस निर्देशनालयबाट पछिल्लोपटक च.नं. ३३२ मिति २०८०/९/१६ को पत्रमार्फत पत्राचार गरिएकामा हालसम्म सो पत्रको जवाफ प्राप्त नभएको र सो आदेशानुसारको कार्य सम्पन्न भएको नदेखिँदा पुनः यो ताकेतापत्र लेखिँदै छ' पत्रमा भनिएको छ । सर्वोच्चले ९ महिनाभित्र कानुनी व्यवस्था गरी सम्पन्न गराउन दिएको आदेशको कार्यान्वयनको चरण के-कुन अवस्थामा रहेको भन्दै सात दिनभित्र जवाफ पठाउनसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय तथा संघीय संसद् सचिवालयलाई भनेको छ । आदेश कार्यान्वयन गर्न आलटाल भएको भन्दै फैसला कार्यान्वयन निर्देशनालयले दोस्रोपटक पत्र काटेको हो । आरक्षणको व्यवस्थाको कार्यान्वयन कानुनमार्फत गरिनुपर्ने हुँदा निजामती सेवा ऐन तथा अन्य ऐन, नियम, विनियमसमेतका सेवासम्बन्धी कानुनी व्यवस्थाको निर्माणलगायत आवश्यक सबै प्रबन्ध मिलाउने कार्य ९ महिनाभित्र सम्पन्न गर्नु, गराउनू भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाममा सर्वोच्चले परमादेशको आदेश गरे पनि अहिलेसम्म त्यससम्बन्धी कानुनी व्यवस्था भएको छैन । त्यसैले कार्यान्वयन पनि भएको छैन ।

२४ माघ २०७९ मा सर्वोच्च अदालतका न्यायाधीशद्वय विश्वम्भरप्रसाद श्रेष्ठ र डा. आनन्दमोहन भट्टराईको संयुक्त इजलासले संविधानले आरक्षण समूहमा समेटे पनि सुविधाबाट वञ्चित हुँदै आएका थारूसहितका लक्षित वर्गलाई समावेश गरेर संघीय निजामती सेवा ऐन जारी गर्न सरकारका नाममा परमादेश जारी गरेको थियो । तर, २ वर्ष बित्दा पनि सरकारले फैसला कार्यान्वयनमा चासो देखाएको छैन । थारू कल्याणकारिणी सभाका महामन्त्री प्रेमीलाल चौधरीसहितले 'थारू समुदायलाई निजामतीसहित अन्य निकायमा आरक्षणको व्यवस्था'को माग गर्दै पटक-पटक दायर गरेको मुद्दामा सुनुवाइ गर्दै सर्वोच्चले सो फैसला गरेको थियो । ५३ मुद्दाको संयुक्त सुनुवाइ गर्दै सर्वोच्चले नेपालको संविधान २०७२ मा समावेश भएका सबै क्लस्टरलाई आरक्षण छुट्याउन भनेको थियो ।

ऐन जारी गरेपछि त्यसले थारूलगायत हालसम्म नसमेटिएका नयाँ आरक्षित वर्गका लागि जे-जस्तो अनुपातमा आरक्षणको व्यवस्था गर्छ, सो व्यवस्था लागू भएपश्चात् कायम हुन आउने कुल पदमध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट चालू आर्थिक वर्षमा आरक्षण नगरेर वास्तविक रूपमा गुम्न गएका पदहरूसमेत समेटी हुन गएको क्षतिको समेत पूर्ति हुने प्रबन्ध मिलाउन लोक सेवा आयोग, शिक्षक सेवा आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, तीनवटै सुरक्षा निकायलगायतका नाममा सर्वोच्चले परमादेश गरेको थियो ।

सर्वोच्चले आरक्षणको विषयमा परमादेश जारी गर्दै भनेको छ, 'वर्तमान संविधानले मौलिक हकका रूपमा स्वीकार गरिसकेको सकारात्मक विभेदसम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्न संविधानको धारा ४७ ले तीन वर्षभित्र कानुनी व्यवस्था गरिसक्नुपर्ने कुराको निर्देश मात्र नगरी यसलाई पनि हककै रूपमा स्वीकार गरेको अवस्था र सो विषयमा कानुन निर्माण गर्नु भन्ने यस अदालतबाट निर्देश भएकोसमेत यतिका वर्ष बितिसक्दा पनि हालसम्म सो व्यवस्था कार्यान्वयन हुन नसकेको पाइएबाट यसबारेमा अब धेरै कुर्ने, अलमल गर्ने कुरा संविधानको व्यवस्थाहरूको रोहमा स्वीकार हुन सक्ने देखिएन ।'

मौलिक अधिकारको रूपमा प्रत्याभूत व्यवस्थाको कार्यान्वयनका लागि संविधानले नै तीन वर्ष तोकेको अवस्थामा कार्यपालिकी वा विधायिकी बुद्धिमता वा अन्य कुनै कारण उल्लेख गरी विलम्ब गरिने कुरा स्वीकारयोग्य हुन नसक्ने फैसलामा उल्लेख छ । आरक्षित वर्गलाई पर्न गएको क्षतिको पूर्ति गर्नसमेत सर्वोच्चले भनेको छ । 'कानुन निर्माणको अभावमा प्रत्याभूत अधिकारको प्रचलन हुन नसकेका कारण आरक्षणका लागि योग्य वर्गमा हुन गएको क्षतिको पूर्तिसमेत हुनुपर्ने देखियो,' फैसलाको पूर्णपाठमा उल्लेख छ ।

# कतार पुगेको २५ दिनमै बाकसमा फर्किंदा...

**योगेन्द्र योगी/राजधानी**
काठमाडौं, १५ फागुन




कतारमा सडक दुर्घटनामा परी मृत्यु भएका युवा उद्यमी तथा समाजसेवी झविन्द्र आचार्यको शव नेपाल ल्याएर अन्त्येष्टि गरिएको छ ।

गुल्मीको मालिका गाउँपालिका-५, छापाहिलेका ३९ वर्षीय युवा उद्यमी आचार्यको शव घरबाट हिँडेको २५ दिनपछि घरको पुर्ख्यौली घाट फूलबारीमा लगिएको थियो । गत ९ फागुनमा कतारमा सडक दुर्घटनामा परी मृत्यु भएका आचार्यको शव कतार एयरवेजबाट काठमाडौं ल्याइएको थियो भने काठमाडौंबाट हेलिकोप्टरमार्फत गुल्मी लगेर परम्परागत शाहघाट फूलबारीमा अन्त्येष्टि गरिएको गैरआवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषद्का केन्द्रीय अध्यक्ष डा. बद्री केसीले जानकारी दिए । उनलाई बंगलादेशी नागरिकले चलाएको ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको थियो ।

मृतक सन् २००७ देखि युवा उद्यमी र समाजसेवीका रूपमा परिचित थिए । पारिवारिक स्रोतको अनुसार उनी बिदामा आएर १८ माघमा मात्रै कतार पुगेका भने त्यहाँ पुगेको २५ दिनमै बाकसमा फर्किदा परिवार भावविह्वल भएका छन् ।

आचार्य गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका सहकोषाध्यक्ष, गुल्मी सेवा समाज कतारका वरिष्ठ सल्लाहकार, गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका सहकोषाध्यक्ष तथा लुम्बिनी प्रदेश समन्वय परिषद् कतारका उपाध्यक्ष समेत रहेका थिए । हरेक दिन विदेश एक न एक नेपालीको मृत्यु हुने गरेको छ । अनेक सपना बोकेर दिनहुँ सयौं नेपाली बिदेसिने गरेका छन् । कतिको सपना आंशिक वा पूर्ण रूपमा पूरा पनि हुन्छ । तर कतिका सपना रातो बाकसमै बन्द भएर फिर्ता हुन्छन् । युवाले विदेशमा कमाएर पठाएको विप्रेषणले देशको झन्डै एकतिहाइ अर्थतन्त्र धानेको छ ।

# महिलामैत्री सहर र ज्येष्ठ नागरिक मिलन केन्द्र बनाइँदै

**राजधानी संवाददाता**
धनगढी, १५ फागुन



कैलालीको धनगढीमा महिलामैत्री सहर र ज्येष्ठ नागरिक मिलन केन्द्र बनाइने भएको छ । धनगढी उपमहानगरपालिकाको आयोजनामा सो कार्य गरिने भएको हो ।

उपमहानगरपालिकाले वडा नम्बर १, खुलामञ्चको दक्षिणतिर जमिनमा महिलामैत्री सहर परियोजनाको संयुक्त लगानीमा ज्येष्ठ नागरिक मिलन केन्द्र, चिल्ड्रेन पार्क, युवा लक्षित क्षेत्र, खानाका स्टलहरू, विश्रामस्थल र सार्वजनिक शौचालय बनाउन लागेको जनाएको छ । त्यस कार्यका लागि अतिक्रमित गरिएको जग्गा खाली गरेर व्यवस्थित गर्न थालिएको छ । धनगढी उपमहानगरपालिका र महिलामैत्री सहर परियोजनाको संयुक्त लगानीमा खुलामञ्च पनि व्यवस्थित गरिने धनगढी उपमहानगरपालिकाले जनाएको छ । उपमहानगरपालिकाले ज्येष्ठ नागरिक मिलन केन्द्र, चिल्ड्रेन पार्क, युवालक्षित क्षेत्र, खानाका स्टलहरू, विश्रामस्थल र सार्वजनिक शौचालय बनाउन विस्तृत योजना प्रतिवेदन (डीपीआर) तयार पारेको छ । चालू आर्थिक वर्षमा नै विस्तृत योजना प्रतिवेदन (डीपीआर) स्वीकृत गर्दै ठेक्का गरेर काम पूरा हुनेछ । उपमहानगरपालिकाले २ करोड रुपैयाँका संरचना चालू आर्थिक वर्षमा निर्माण पूरा हुने बताएको छ । महिलामैत्री सहर परियोजनाको १ करोड ५० लाख र धनगढी उपमहानगरपालिकाको ५० लाखको लागतमा भौतिक संरचना निर्माण गरिनेछन् । परियोजनाले ७० प्रतिशत र धनगढी उपमहानगरपालिकाले ३० प्रतिशत लगानी खुलामञ्चमा गर्ने भएको छ । धनगढी उपमहानगरपालिकाले माटो भरान, सडक निर्माण र शौचालयलगायतको काम थप गर्ने भएको छ । धनगढी उपमहानगरपालिकाले विस्तृत योजना स्वीकृत नगरेको भए पनि झन्डै ५ करोड रुपैयाँ खुलामञ्च व्यवस्थापनमा खर्च गर्नुपर्ने देखिएको छ ।

'चालू आर्थिक वर्षमा खुलामञ्च पछाडि बालबालिकाका लागि खेल्ने स्थान तयार हुने छ । ज्येष्ठ नागरिक मिलन केन्द्र, युवालक्षित क्षेत्र, खानाका अस्थायी स्टलहरू, विश्रामस्थल र शौचालय निर्माणको काम चालू आर्थिक वर्षमा तयार गर्ने गरिनेछ,' धनगढी उपमहानगरपालिकाका डिभिजनल इन्जिनियर दिजराज भट्टले भने, 'डीपीआर तयार भएको छ । स्वीकृत हुन बाँकी छ । २ करोड रुपैयाँको काम यो वर्ष हुन्छ । खर्च झन्डै ५ करोड जति होला । त्यहाँ अरू पनि काम छन् । महिलाले रातिको समयमा समेत व्यापार गर्ने सक्ने गरेर विद्युत् लाइट जडान तथा संरचनाहरू निर्माण गरिनेछ ।'

## तारकेश्वरका मेयरले सरकारी रकम हिनामिना गरेको भन्दै अख्तियारमा उजुरी

**काठमाडौं/रास–** तारकेश्वर नगरपालिकाको ऐतिहासिक मानसिङ ढुंगेधारा मौलिक स्वरूपमा निर्माण तथा संरक्षणका लागि आएको १९ लाख २० हजार रुपैयाँ आयोजनामा हिनामिना भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । अख्तियार स्रोतका अनुसार तारकेश्वर नगरपालिका-१० का स्थानीयले धारा निर्माणमा हिनामिना भएको भन्दै उजुरी दिएका हुन् । नगरपालिकाका मेयर कृष्णहरि महर्जनको संलग्नतामा गाहिटी उपभोक्ता समिति बनाउँदा वडा नं १० का निर्वाचित सदस्य विक्रम महर्जनका बुबा लक्ष्मन महर्जनलाई अध्यक्ष बनाएर सरकारी रकम हिनामिना गरेको भन्दै उजुरी परेको छ ।


प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको
श्री सुसन पोलिटेक्किल इन्ष्टिच्यूट प्रा.लि. का.म.न.पा.-०४, धुम्वाराही, काठमाण्डौको नाम परिवर्तन सम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी जरुरी सूचना !

तेस्रो पटक प्रकाशित मिति २०८१/११/१६ गते

यस परिषद् कार्यालयको मिति २०७३/०६/०५, २०७७/०४/०१ र २०७९/०१/०३ गतेको निर्णयानुसार छोटो अवधिको क्रमश Mason-320 hrs, Shuttering Carpenter-434 hrs, Bar Bender-390 hrs, Scaffolder-390 hrs, General Carpenter-460 hrs, Junior House Painter-390 hrs, Assistant Plumber-390 hrs, Junior Building Electrician-390 hrs, Assistant Welder-550 hrs/Mobile Phone Repairer-390 hrs, Motor Cycle Mechanic-390 hrs, Ref & AC Mec hanic-390 hrs, Aluminum Fabricator-408 hrs र Off-Season Vegetable Producer-390 hrs, Assistant Beautician- 390 hrs & Tailor- 390 hrs तालीम कार्यक्रमहरुको सम्बन्धन/स्वीकृति लिएको संस्था श्री सुसन पोलिटेक्किल इन्ष्टिच्यूट प्रा.लि. का.म.न.पा.-०४, धुम्वाराही, काठमाण्डौले संस्थाको नाम परिवर्तन गरी श्री वर्ल्ड नेट स्किल ट्रेनिङ्ग सेन्टर (World Net Skill Training Center Pvt.Ltd.) का.म.न.पा.-०४, धुम्वाराही, काठमाण्डौ कायम गराई पाँउ भनी पेश गरेको निवेदन माथि कारवाही हुदाँ यस परिषद् कार्यालयको मिति २०८१/११/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन सहमती/स्वीकृति प्रकृया अगाडी बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति विभिन्न १६ वटा छोटो अवधिका तालीम कार्यक्रम प्रति कोही कसैको हकदाबी विरोध गुनासो आदि भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि माग भई आए अनुसार संस्थाको नाम परिवर्तन भई नयाँ नाम श्री वर्ल्ड नेट स्किल ट्रेनिङ्ग सेन्टर (World Net Skill Training Center Pvt.Ltd.) का.म.न.पा.-०४, धुम्वाराही, काठमाण्डौ कायम हुने र म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

सम्पर्कका लागि
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर । फोन नं. ०१-६६३०४०८



यु.ए.ई.मा रोजगारी | कम्पनी: BLDG CO. - BEST - L.L.C - SOLE PROPRIETORSHIP

Pre Approval Date: 2025/02/27 Chalani No. 60233647 LOT No. 319444 City: SHARJAH UAE

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 29 | 0 | 1200 | ४५,५८८/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 11 | 0 | 1100 | ४१,७८९/- | | | | | | | | |
| 3 | Brick Mason Assistant | 16 | 0 | 1100 | ४१,७८९/- | | | | | | | | |

अन्तरवार्ता मिति २०८१/११/२३ (7 March 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

CONCEPT PLACEMENT RESOURCE PVT. LTD. Govt Lic. No. 1636/080/081
Basundhara 5, Kathmandu Nepal, Contact: 977 15918247, 9801186314, email: inquiry@cpr.com.np



UAE मा रोजगारीको अवसर

कम्पनी: ASK US GENERAL MAINTENANCE-SOLE PROPRIETORSHIP L.L.C.

Pre Approval Date: 2025/02/25 | Chalani No. 60233613 | LOT No. 319350 | City: UAE, CLA

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL LABORS | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,०००/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति: २०८१/११/२३ गते (07 Mar, 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

manaslu INTERNATIONAL SERVICES
MANASLU INTERNATIONAL SERVICES PVT. LTD.
Bishnu Galli, Dhumbarahi Height, Kathmandu
Tel: +977-01-4525081/4525082, E-mail: info@manasluint.com
Govt. Lic. No.: 151/056/057



जापानमा रोजगारीको अवसर

कम्पनी: JAPAN MEDICAL CARE ENTERPRISE COOPERATIVE

Pre Approval Date: 2024/12/01 Chalani No. 60229014 LOT No. 314546 City: Japan,NA

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब YEN | ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARE WORKER | 0 | 4 | 179140 | १,६६,७७८/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | ३ वर्ष |

अन्तरवार्ता मिति २०८१/११/२३ (07 Mar. 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव** : (क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धी कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु** : (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धी कागजको प्रतिलिपि ।

१) **दरखास्त बुझाउनु पर्ने अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
२) **प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कुल खर्च :निःशूल्क**
३) **प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तवार्ताः** मिति २०८१/११/२३ गते (07 Mar. 2025) प्रधान कार्यालय बसुन्धारामा हुनेछ ।

**नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढन र लेख्न सक्ने हुनुपर्नेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी : १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोस् । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा विमा गराउनुहोस् । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्फौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् । ७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

वर्ल्ड फेभर ओभरसिज प्रा.लि. Lic. No. : 347/059/060
बसुन्धारा, काठमाडौं, नेपाल, फोन: +९७७-४९७००२७/४९७००११/४९७००१६/४९७००१८ (अफिस नम्बर)
मोबाईल: ९८५१०२१४७५/९८५१०४८९६७/९८०११२१४७५, Email : wwfavour@gmail.com, Web: www.worldfavouroverseas.com



SAUDI ARABIA मा रोजगारी | कम्पनी: MISHAL SHALEEL BIN HABIB AL MUTAIRI CONTRACTING COMPANY
पुर्व स्वीकृति २०२४/०८/११ चलानी नं.६०२२३४१२ लट नं. ३०८६४० शहर:KSA पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HOTEL HOUSEKEEPING WORKER | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,६५१/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/११/१७ (01 Mar, 2025) म्यानपावरको कार्यालय सिनामंगलमा हुनेछ ।

SAUDI ARABIA मा रोजगारी | कम्पनी: AL-HAIDER CONTRACTING COMPANY, HADI SALEH AL-HAIDER AND PARTNERS COMPANY
पुर्व स्वीकृति २०२४/०९/१८ चलानी नं.६०२२५४७० लट नं. ३१०९४० शहर:SAUDI ARABIA पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION WORKER/GENERAL WORKER | 17 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,२०५/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/११/१९ (03 Mar, 2025) म्यानपावरको कार्यालय सिनामंगलमा हुनेछ ।

SAUDI ARABIA मा रोजगारी | कम्पनी: MOHAMMED BIN RASHID BIN MOHAMMED ALQANTANI LAND TRANSPORT ESTABLISHMENT COMPANY
पुर्व स्वीकृति २०२५/०२/२७ चलानी नं.६०२३३६०७ लट नं. ३१९३९५ शहर:KSA

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TRUCK DRIVER/HEAVY DRIVER | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६६,९७७/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

SAUDI ARABIA मा रोजगारी | कम्पनी: ORGANO RESTAURANT FOR SERVING MEALS
पुर्व स्वीकृति २०२५/०२/२७ चलानी नं.६०२३३६०८ लट नं. ३१९३९६ शहर:SAUDI ARABIA

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN HELPER | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,२०५/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/११/२३ (07 Mar, 2025) म्यानपावरको कार्यालय सिनामंगलमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | १०००० |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

TESLA OVERSEAS PVT. LTD. Govt. Lic. No. 1638/080/081
SINAMANGAL-09, BB AIRWAYS BUILDING, KATHMANDU, NEPAL. TEL: +977-1-5920965, 5920966, 9704540753
E-mail: info@teslaoverseas.com.np, md@teslaoverseas.com.np / Web: www.teslaoverseas.com.np



QATAR मा रोजगारी | कम्पनी: ALNASR STAR SECURITY SERVICES
Pre Approval Date: 2025/02/27 Chalani No. 60233653 LOT No. 319354 City: Doha

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARD | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६८,९०४/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/११/२३ (7 March 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

INDO ARAB MANPOWER PVT. LTD. License No. 764/065/066
E-mail: ktmskyking@gmail.com / Website: www.indoarabnepal.com.np
Jawalakhel-20, Lalitpur
Tel: +977-1-5439268, 5439269
Cell: +977-9801023474



Saudi Arabia मा रोजगारी | कम्पनी: AL FARABI DENTAL AND ORTHODONTIC COMPLEX
Pre Approval Date: 2025/02/27 Chalani No. 60233612 LOT No. 319497 City: Riyadh

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NURSE | 0 | 5 | 3500 | १,३०,२३४/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

Saudi Arabia मा रोजगारी | कम्पनी: BRANCH OF OBAIN MOHAMMED AL-SAADI TRANSPORT COMPANY
Pre Approval Date: 2025/02/27 Chalani No. 60233614 LOT No. 319430 City: Riyadh

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY EQUIPMENT MECHANIC | 1 | 0 | 2500 | ९३,०२४/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | TRAILER TRUCK DRIVER | 13 | 0 | 1800 | ६६,९७७/- | | | | | | | | |

अन्तरवार्ता मिति २०८१/११/२३ (07 Mar. 2025) म्यानपावरको कार्यालय, धुम्बाराहीमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | १०००० |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Crown Employment Consultant (P.) Ltd.
Dhumbarahi Chowk, Kathmandu, Nepal
Phone No.: +977-1-4526566
Email: info@crown.com.np, thapaworlds1@gmail.com, Web: crown.com.np
Govt. Lic. No : 235/058/059



QATAR मा रोजगारीको अबसर

कम्पनी: SELECTION FURNITURE
Pre Approval Date: 2025/02/27 Chalani No. 60233592 LOT No. 319373 City: Unit No 59,60,64

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 5 | 0 | 1300 | ४९,७०१/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

कम्पनी: O C S FACILITIES MANAGMENT SERVICES
Pre Approval Date: 2025/02/27 Chalani No. 60233643 LOT No. 319499 City: UAE Dubai

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 15 | 800 | ३०,३८८/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | Male Cleaner | 60 | 0 | 800 | ३०,३८८/- | | | | | | | | |

फाइनल अन्तरवार्ता मिति २०८१/११/२३ गते (07 Mar. 2025) म्यानपावरको कार्यालय ललितपुरमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशूल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

PARADISE INTERNATIONAL (P.) LTD ISO 9001: 2000 Certified
श्रम ईजाजत नं. १८७/०५७/०५८
Paradise International (P.) Ltd.
G.P.O. Box: 14329, Lalitpur -10 , Bakhundol, Kathmandu
Phone No. + 977-1-5534042, 5533435, 5522063
E-mail: mail@paradise.com.np admin@paradise.com.np,
Web: www.paradise.com.np www.paradisemanpower.com

# एक दशकपछि दक्षिण कोरियाको जन्मदरमा वृद्धि



एजेन्सी

सियोल, १५ फागुन

दक्षिण कोरियाको जन्मदर एक दशकपछि गत वर्ष पहिलोपटक बढेको सरकारी तथ्यांकले बुधबार देखाएको छ। दक्षिण कोरिया विश्वको सबैभन्दा धेरै औसत आयु र सबैभन्दा कम जन्मदरमध्ये भएको देशमध्ये एक हो । यो एउटा यस्तो संयोजन हो, जसले एक बढ्दो जनसांख्यिकीय चुनौती प्रस्तुत गर्छ ।

सियोलले महिलाहरूलाई बढीभन्दा बढी बच्चा जन्माउन प्रोत्साहित गर्न र जनसंख्या स्थिर कायम राख्न अर्बौं डलर खर्च गरेको छ।

कोरियाको प्रारम्भिक सांख्यिकीय तथ्यांकअनुसार प्रतिहजार व्यक्तिमा जन्मिने शिशुको संख्या दर ४ दशमलव ७ रहेको छ, जसले सन् २०१४ देखि निरन्तर घट्दो जनसंख्याको प्रवृत्ति देखाएको थियो ।

प्रजनन दर वा एक महिलाले आफ्नो जीवनकालमा बच्चा जन्माउने औसत संख्या सन् २०२४ मा शून्य दशमलव ७५ पुगेको छ। यो सन् २०२३ को शून्य दशमलव ७२ को तुलनामा शून्य दशमलव शून्य ३ ले बढी हो।

'सन् २०२४ मा दक्षिण कोरियामा २ लाख ३८ हजार ३ सय जनाको जन्म भएको थियो, जुन अघिल्लो वर्षको तुलनामा ८ हजार ३ सय (३ दशमलव ६ प्रतिशत) बढी हो,' प्रतिवेदनमा भनिएको छ। जनसंख्याको अध्ययनमा जानकारी राख्ने कोरियाली अधिकारी पार्क ह्युन जियोङले कोभिड-१९ को महामारीपछि विवाहमा वृद्धि हुनुका साथै जनसांख्यिकीय परिवर्तनमा आएको परिवर्तनका कारण जन्मदरमा वृद्धि भएको बताए। पार्कले एक पत्रकार सम्मेलनमा भने, 'पछिल्लो एक दशकमा कोरियामा ३० वर्षभन्दा माथिका मानिसको संख्यामा उल्लेखनीय वृद्धि भएको छ।'

सियोलका अनुसार सन् २०२४ मा बच्चा जन्माउने औसत मातृ उमेर ३३ दशमलव ७ वर्ष रहेको छ। तर, दक्षिण कोरियाको ५ करोड १० लाख जनसंख्या कायम राख्न आवश्यक पर्ने २ दशमलव १ जना बालबालिकाभन्दा प्रजनन दर निकै कम छ। सियाटलस्थित युनिभर्सिटी अफ वासिङ्टनको 'इन्स्टिच्युट फर हेल्थ मेट्रिक्स एन्ड इभ्यालुएसन'का अनुसार हालको दर कायम रहे सन् २१०० सम्ममा जनसंख्या करिब आधा भएर २ करोड ६८ लाख पुग्नेछ।

## लगातार गिरावट

विशेषज्ञहरूका अनुसार बच्चा हुर्काउने उच्च लागत र सम्पत्तिको मूल्यदेखि प्रतिस्पर्धात्मक समाज कम जन्मदरका धेरै कारणमध्ये प्रमुख कारण मानिन्छ। यसले राम्रो तलब आउने रोजगारीका अवसरहरू सुरक्षित गर्न गाह्रो बनाउँछ।

कामकाजी आमाहरूले आफ्नो पेसालाई कायम राख्दै घरको काम र बच्चाको हेरचाहको बोझ व्यवस्थापन गर्नु अर्को प्रमुख कारक भएको उनीहरूको भनाइ छ। दक्षिण कोरियाली सरकारले जन्म दर वृद्धिका लागि नगद अनुदान, 'बेबी सिटिङ' सेवा र बाँझोपनको उपचारमा सहयोग प्रदान गर्छ।


तर, प्रजनन दरले अहिलेसम्म आफ्नो दीर्घकालीन गिरावटलाई निरन्तरता दिएको छ। मोनाकोपछि विश्वको दोस्रो सबैभन्दा धेरै वृद्ध जनसंख्या दर भएको देशको अपेक्षाकृत कडा अध्यागमन नियमको अर्थ यो हो कि यसले बढ्दो श्रम अभावको सामना गरिरहेको छ।

# यसकारण अमेरिका युक्रेनको खनिज स्रोतहरूमा पहुँच पुऱ्याउन चाहन्छ

## • सम्झौताबारे थाहा भएका केही कुरा

एजेन्सी

किएभ, १५ फागुन



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनी नेता भोलोदिमर जेलेन्स्कीबीचको विवादपछि किएभ र वासिङ्टनले संयुक्त राज्य अमेरिकालाई युक्रेनी खनिज स्रोतहरूमा पहुँच दिने सम्झौतामा सहमति जनाएका छन् । ठ्याक्कै कति रकम जोखिममा छ ? के यो सम्झौताले युक्रेनलाई सुरक्षा प्रत्याभूति प्रदान गर्नेछ ? भन्नेबारे सम्झौताका महत्त्वपूर्ण विवरणहरू अझै अस्पष्ट छन् । यहाँ यस साता वासिङ्टनमा ट्रम्प र जेलेन्स्कीद्वारा हस्ताक्षर गर्न सकिने सम्झौताबारे हामीलाई थाहा भएका कुराहरू छन् ।

### एक संयुक्त कोष

ट्रम्पले सन् २०२२ फेब्रुअरीमा रुसले आक्रमण गरेदेखि ३ वर्षमा अमेरिकाका पूर्वराष्ट्रपति जो बाइडेनको प्रशासनमा भुक्तान गरिएको अमेरिकी सहायताको क्षतिपूर्ति माग गरेका थिए। जर्मन आर्थिक अनुसन्धान निकाय किल इन्स्टिच्युटका अनुसार ट्रम्पले ५ खर्ब डलर क्षतिपूर्ति मागेका थिए । यो हाल १ खर्ब २० अर्ब डलरबराबरको वासिङ्टनले युक्रेनलाई भुक्तान गरेको रकमको करिब चारगुणा हो ।

जेलेन्स्कीले युक्रेनीहरूको 'दश पुस्ता'ले तिर्नुपर्ने सम्झौतामा आफूले हस्ताक्षर नगर्ने भन्दै यस मस्यौदालाई अस्वीकार गरे । ससम्झौताबारे जानकारी भएको किएभको एक स्रोतले एएफपीलाई पछि बताएअनुसार दस्तावेजको हालको मस्यौदाबाट यो माग हटाइएको छ। यद्यपि, यसले संयुक्त राज्य अमेरिका र युक्रेनले संयुक्त अमेरिकी-युक्रेनी कोषमा राजस्व परिवर्तन गरी एकसाथ खनिज स्रोतहरू विकास गर्नुपर्छ भन्ने संकेत गर्छ। 'उनीहरूले हामीलाई नसुहाउने विशेषगरी ५ खर्ब डलरबारे सबै खण्डहरू हटाए,' युक्रेनी स्रोतले भन्यो।

### सुरक्षामा अस्पष्ट

युक्रेन कुनै पनि सम्झौतामा दीर्घकालीन र बलियो सुरक्षा ग्यारेन्टीहरू समावेश गर्नुपर्छ जसले रसियालाई फेरि कहिल्यै आक्रमण गर्नबाट रोक्न मद्दत गर्छ भन्ने कुरामा अडिग छ।

जेलेन्स्कीले गत वर्ष अक्टोबरमा आफ्नो पाँचबुँदे विजय योजनाको हिस्साका रूपमा युक्रेनी प्राकृतिक स्रोतहरूमा पहुँचलाई सुरक्षा प्रतिबद्धताका लागि आदान-प्रदान गर्ने विचार अघि सारेका थिए। युक्रेन अन्ततः नाटो सदस्यता चाहन्छ । तर, त्यो विकल्पलाई (क्रेमलिनका लागि रेड लाइन) वासिङ्टनले रोकेको छ ।

युक्रेनले युद्धविराम भएको खण्डमा विदेशी शान्ति सैनिकहरू तैनाथ गर्न वकालत गरेको छ। तर, संयुक्त राज्य अमेरिकाले यस विकल्पलाई अस्वीकार गरेको छ भने युरोपेली देशहरू यस मुद्दामा विभाजित छन् । खनिजहरूको सम्झौताको पाठमा ठोस ग्यारेन्टीबिना युक्रेनी सुरक्षाको सन्दर्भ समावेश हुनसक्छ । युक्रेनी स्रोतले एएफपीलाई बताएअनुसार यस बिन्दुमा छलफलहरू अझै जारी छन्। अमेरिकाले स्थिर र समृद्ध सार्वभौम युक्रेनमा लगानी गर्नेछ भन्ने एउटा सामान्य धारा छ। त्यहाँ 'स्थायी शान्ति' र 'सुरक्षा ग्यारेन्टी'का लागि अमेरिकी समर्थनको उल्लेख गरिएको स्रोतले बताएको छ ।

### कुन खनिजहरू ?

विश्वको खनिज स्रोतहरूमध्ये लगभग ५ प्रतिशत युक्रेनसँग छ। तर, ती सबै अहिलेसम्म दोहन गरिएका छैनन् वा सजिलैसँग दोहन गर्न सकिने छैनन् र केही रुसद्वारा कब्जा गरिएको क्षेत्रमा छन् । यसलाई ट्रम्प सुरक्षित गर्न चाहन्छन्। वर्ल्ड माइनिङ डाटाका अनुसार युक्रेन म्याङ्गनिजको उल्लेखनीय उत्पादक अर्थात् विश्वको आठौं ठूलो उत्पादक हो भने टाइटानियमको उत्पादनमा ११औं र ग्रेफाइट उत्पादनमा १४औं हो। यी खनिज तत्त्व विद्युतीय ब्याट्रीहरूका लागि अत्यावश्यक छन् ।

फ्रान्सको ब्युरो अफ जियोलोजिकल एन्ड माइनिङ रिसर्च (बीआरजीएम)का अनुसार विश्वको ग्रेफाइटको अनुमानित स्रोतहरूको २० प्रतिशत युक्रेनसँगै छ। युक्रेनले 'युरोपको सबैभन्दा ठूलो लिथियम भण्डारहरूमध्ये एक' भएको पनि बताएको छ । तर, नरम धातु अझै ननिकालिएको युक्रेनी सरकारले बताएको छ ।

किएभका अनुसार '६ वटा भण्डारमा दुर्लभ पृथ्वी धातुहरू अवस्थित रहेको थाहा छ' र नोभोपोल्टाभस्के भण्डार विकास गर्न ३० करोड डलरको लगानी आवश्यक पर्नेछ । युक्रेनले नोभोपोल्टाभस्के भण्डार विश्वका सबैभन्दा ठूलामध्ये एक भएको दाबी गरेको छ। यद्यपि, यो स्थल रूसी सेनाद्वारा नियन्त्रित छ र क्रेमलिनले सन् २०२२ देखि कब्जा गरेको क्षेत्र वा सन् २०१४ मा कब्जा गरिएको क्रिमियन प्रायद्वीपलाई अस्वीकार गरेको छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले रुसले कब्जा गरेका क्षेत्रहरूमा अमेरिकी लगानीलाई समर्थन गर्ने बताएका छन्। लिथियम, ट्यान्टालम, नियोबियम र बेरिलियमको सेभचेन्को भण्डार पोक्रोभस्कनजिकै अग्रिम मोर्चाबाट १० किलोमिटरभन्दा कम दूरीमा छ । त्यहाँ रुसी सेनाले हतियार र सेनाको संख्यामा कम रहेका युक्रेनी सेनामाथि आक्रमण गर्दै जमिनमाथि अधिपत्य जनाइरहेको छ।

## पृष्ठ १ बाट क्रमश:

### नैतिक संकटमा...

त्यस्तै, कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगनकुमार थापा, गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री आरजु राणा देउवा रहेका छन् ।

भूमिसम्बन्धी अध्यादेश अस्वीकार गरेको जसपाले आजै (शुक्रबार) यसै विषयमा छुट्टै बृहत् छलफल गर्दै छ । जसमा नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष डा. बाबुराम भट्टराईसहित दलका नेता एवं विज्ञहरू सहभागी हुँदै छन् । कार्यक्रममा सहभागी हुने नेताहरूले सरकारले ल्याएको अध्यादेश अस्वीकार गर्दै आएका छन् ।

सरकारले ल्याएका ६ वटा अध्यादेशमध्ये भूमिसम्बन्धी अध्यादेश राष्ट्रको हितमा नरहेको भन्दै लोसपा, जसपाले त्यसको विपक्षमा मतदान गर्ने यसअघि नै औपचारिक निर्णय गरिसकेका छन्। भूमि अध्यादेश पारित भए देशभरिकै सार्वजनिक जग्गाको चरम दुरुपयोग हुने दुवै दलको निष्कर्ष छ।

गत २६ पुसमा बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न ६ अध्यादेश ल्याउने निर्णय गरेको थियो । सरकारले सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी, निजीकरण ऐन-२०५० लाई संशोधन गर्न बनेको अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी अध्यादेश, सहकारीसम्बन्धी अध्यादेश र भूमिसम्बन्धी अध्यादेश ल्याएको थियो । राष्ट्रपतिबाट जारी भइसकेका ती अध्यादेश सरकारले गत १८ माघमा हिउँदे अधिवेशनको पहिलो बैठकमै प्रतिनिधिसभा र राष्ट्रिय सभामा पेस गरिसकेको छ।

संसद्को दोस्रो बैठक (२४ माघ)मा निर्णयार्थ पेस गर्ने भनिए पनि सरकार त्यसबाट पछाडि हटेको थियो। प्रतिनिधिसभामा बहुमत भए पनि राष्ट्रिय सभामा अल्पमतमा रहेकाले सरकारले सभामुख देवराज घिमिरेलाई आग्रह गरी अन्तिम समयमा आएर कार्यसूचीबाट हटाउन लगाएको थियो । त्यसयता बसेको बैठकमा अध्यादेश निर्णयार्थ पेस गर्न संसद्को कार्यसूचीमै परेको छैन। आउँदो १८ चैतभित्र संसद्को दुवै सदनबाट पारित नभए यी अध्यादेश स्वतः निष्क्रिय हुनेछन् ।

यसअघि सभामुख घिमिरे र प्रमुख पाँच दलका प्रमुख सचेतकका बीचमा सरकारले ल्याएको अध्यादेश संसद्मा निर्णयार्थ प्रस्तुत गर्ने सहमति भएको थियो। तर, त्यसपछि सरकारले ती अध्यादेश निर्णयार्थ पेस गरेन ।

त्यस्तै, प्रधानमन्त्री ओलीले अत्यावश्यक भएका अध्यादेशलाई संसद्को पहिलो दिनमै पेस गर्ने बताएका थिए । जनतालाई सेवा दिन र विकास निर्माणका कामलाई गति दिन अत्यावश्यक भएका अध्यादेशलाई संसद्को पहिलो दिनमै पेस गर्ने र छिट्टै प्रतिस्थापन विधेयक प्रस्तुत गर्नुपर्ने उनले बताएका थिए। तर, राष्ट्रिय सभामा अल्पमतमा पर्ने संकेत पाइसकेका ओलीले अध्यादेश निर्णयार्थ अगाडि बढाउन चाहेनन् । उनी अझै लोसपा, जसपाका नेताहरूलाई फकाउँदै छन्।

### स्पष्टीकरण सोध्ने...

बाढी र पहिरोले क्षतिग्रस्त अपर तामाकोशी जलविद्युत् आयोजना, काबेली करिडोर प्रसारण लाइन र केही वितरण लाइन तत्काल सञ्चालनमा ल्याउन साइटमै गएर गरेको कार्य संस्था र राष्ट्रको हितमा रहेको उनले उल्लेख गरेका छन्। घिसिङले भनेका छन्, 'अर्बौंको थप घाटा हुनबाट बचाई देशमा लोडसेडिङ हुने सम्भावनालाई समाधान गर्नका लागि सम्बद्ध क्षेत्रमा उपस्थित हुन आवश्यक थियो र कार्यक्षेत्रमा उपस्थित भई देखापरेको समस्या समाधान गर्न गरिएको निर्णयले तत्कालै समस्या समाधान भएको थियो, अवरुद्ध विद्युत् प्रणालीलाई सुचारु गर्ने र सम्भावित लोडसेडिङको जोखिम अन्त्य गर्नका लागि गरिएको कार्य संस्थागत हितमा भएको प्रमाणित हुँदाहुँदै यस प्रकारको कार्यलाई प्रोत्साहन गर्नुपर्नेमा कारबाहीको विषय बनाउँदा कर्तव्यनिष्ठ कर्मचारी दुखित हुनुपरेको छ।'

विद्युत्जस्तो अत्यावश्यक सेवा सञ्चालन गर्ने दायित्व बोकेका प्राधिकरणका कार्यकारी निर्देशकले विधिसम्मत रूपमा उल्लिखित लक्ष्य र प्रगति हासिल गरिरहेकै अवस्थामा सो कार्यलाई थप टेवा र मद्दत पुग्नेगरी तहाँ मन्त्रालयबाट आवश्यक सहयोग, समर्थन, प्रोत्साहन र हौसला प्रदान गर्नुपर्नेमा उल्टै अति गौण र स-साना विषय उठान गरी असजिलो पारी मानमर्दन र हतोत्साहित गराउनेगरी पटकपटक स्पष्टीकरण सोध्ने जस्तो कार्य गरिएको अवस्था हुँदा यसबाट राज्यको हित र समृद्धिका लागि राज्यले प्रदान गरेको पदीय दायित्व, हैसियत, जिम्मेवारी, भूमिका र स्रोत साधन एवं समयको अवमूल्यन हुनेगरी कार्य भइरहेकाले यस प्रकारका दुःख र हैरानी दिने कार्य नगर्न नगराउन पनि घिसिङले अनुरोध गरेका छन् ।


## कार्यालय स्थानान्तरण हुने बारेको सूचना

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड, लम्कीचुहा, कैलाली (राष्ट्रिय स्तर कार्यक्षेत्र भएको) को बुढानिलकण्ठ-८, काठमाण्डौं स्थित कर्पोरेट कार्यालय मिति २०८१ फागुन १८ गते आइतवार देखि निम्न स्थानमा स्थानान्तरण भई कारोबार सञ्चालन हुन गईरहेको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | हाल संचालनमा रहेको स्थान | स्थानान्तरण हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | मण्डिखाटार, बुढानिलकण्ठ-८, काठमाण्डौं | बुढानिलकण्ठ रोड, स्पेशलचोक, बुढानिलकण्ठ-७, काठमाण्डौं | साविकको स्थानबाट उत्तर पश्चिम तर्फ करिब १ कि.मि. को दुरीमा |

थप जानकारी आवश्यक भएमा ०१-४३७२२७४, ९८५७८३२२३९ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड
Matribhumi Laghubitta Bittiya Sanstha Ltd.
कर्पोरेट कार्यालय: बुढानीलकण्ठ-०८, काठमाण्डौ



## बैदेशिक रोजगार विभागको सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **AASHIRBAD OVERSEAS PVT. LTD.** (ई.प.नं. १२११/०७३/०७४) को सञ्चालक शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

| साविक शेयरधनीको नाम/शेयर संख्या | | अव कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या | |
|---|---|---|---|
| १. शंकर खड्का | (०१-२५०००) | १. शंकर खड्का | (०१-२५०००) |
| २. राजेन्द्र अधिकारी | (२५००१-५००००) | | (५०००१-७५०००) |
| ३. बम प्रसाद अधिकारी | (५०००१-७५०००) | २. राजेन्द्र अधिकारी | (२५००१-५००००) |
| ४. देवसिंह विष्ट | (७५००१-१०००००) | ४. देवसिंह विष्ट | (७५००१-१०००००) |



## १५ दिने सूचना

का.जि.का.म.पा हाल वडा नं. २६ अन्तर्गत विद्या जोशीको नाममा दर्ता रहेको घरको कोठा आयुष पौडेलले भाडामा लिई विगत २ महिनादेखि घर बहाल नतिरी सम्पर्कमा नआएको भनी दिपक कुमार जोशीले निवेदन दिनुभएको हुँदा काठमाडौं महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका २०७९ को दफा २७ उपदफा ३ बमोजिम विपक्षीहरुलाई यस का.म.पा २६ वडा कार्यालयमा १५ दिन भित्र उपस्थित भई हालसम्मको बहाल भुक्तान गरी कोठा खाली गर्नुहोला । अन्यथा कानुन बमोजिम कोठा खाली गराइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

का.म.पा-२६ नं. वडा कार्यालय



ASIA

Association for International Solidarity in Asia – ASIA

## Call for Expression of Interest (EOI) for Shelter Materials

ASIA – Association for International Solidarity in Asia - international non-governmental organization – is inviting eligible suppliers to submit sealed bids for the supply and delivery of shelter materials. The tender dossier, containing all the necessary details, can be downloaded from the given link ***https://drive.google.com/file/d/1S92VOju9Y3A5CdxFXfAJX68P0ck811KI/view*** or can be retrieved physically at ASIA's office.

The submission deadline is 14th March 2025 at ASIA's office in Lazimpat, Kathmandu, by 12 noon. The sealed bids will be opened at 1:00PM on the same day and bidders are invited to attend the bids opening session. Bids received after the submission deadline will not be considered for evaluation:

**Association for International Solidarity in Asia**
Kathmandu Metropolitan City, Ward No 2, Lazimpat, Kathmandu
Ph. No.: +977-1-4001650 (Only for Office Location)



## शिक्षक आवश्यकता सम्वन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति: २०८१/११/१६

१. तपशिल:

| क्र.सं. | विज्ञापन नं. | पद/तह/विषय | संख्या |
|---|---|---|---|
| १ | ०३/२०८१ | निम्न माध्यमिक तृतीय करार अंग्रेजी | १ |
| २ | ०४/२०८१ | बाल विकास सहजकर्ता | ३ महिला |
| ३ | ०५/२०८१ | बाल विकास आया | १ महिला |

महेन्द्र बौद्ध माध्यमिक विद्यालय
काठमाण्डौ, नेपाल, सम्पर्क नं. ९८४१४३८६५७, ९८५१११५३६४, ९८५१००६५५९



## लिलाम विक्रीको लागि सिलाबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना

दोश्रो पटक प्रकाशित मिति २०८१/११/१६

निम्न उल्लेखित सवारी साधन (**न्यूनतम मूल्यः रु. ८७,१३६/-**) विक्रीको लागी गोप्य सिलाबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। अन्तिम मितिः २०८१/११/२३

Hero Moto Corp/Splendor Plus/ Baa 06.01. Pa 9323.

विस्तृत जानकारी www.cminepal.org बाट प्राप्त गर्न सकिने छ । समुदायिक सदस्यहित-कमिटेड, कमलादी सडक, काठमाडौं, फोन ०१५३५९७५९



| यु.ए.इ.मा रोजगारी | कम्पनी: MOHIDEEN GENERAL TRADING LLC | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Pre Approval Date: 2025/02/27 | Chalani No.: 60233634 | | | LOT No. 319441 | | City: Ajman UAE | | | | | | | |
| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
| 1 | HELPER | 5 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३४,१८६/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

| यु.ए.इ.मा रोजगारी | कम्पनी: SOLIMAN TAILORING OF WOMENS GARMENTS-LL.C | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Pre Approval Date: 2025/02/27 | Chalani No.: 60233635 | | | LOT No. 319442 | | City: Ajman UAE | | | | | | | |
| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
| 1 | TAILOR | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४९,३८०/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

| साउदी अरेबीयामा रोजगारी | कम्पनी: SIR ALINA RESTAURANT FOR PROVIDED MEALS | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Pre Approval Date: 2025/02/27 | Chalani No.: 60233636 | | | LOT No. 319461 | | City: Riyadh | | | | | | | |
| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
| 1 | KITCHEN HELPER | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,२०८/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/११/२३ (7 March 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Sky Blue International Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal, Phone: 9801970911/9801970910/9801970914/ 9801970921/9801970918, Email: skyblueintloverseas@gmail.com, www.skyblue.com.np
Govt. License 1462/074/075



Bagmati Province Government
Ministry of Health
**Health Directorate**
**Public Health Office, Kavrepalanchok**

## Invitation for Electronic Bidding

*Date of Publication: 2081/11/16*

The Public Health Office, Kavrepalanchok invites electronic bids from eligible bidders for the Supply, Delivery and Installation of following goods under National competitive bidding. The name and identification of the contract is as follows:

| Contract ID | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|
| PHOKavre/L/NCB/01/2081/82 Supply of Branded Laptops | 3000/- | 70,000/- | 2081/12/17 12:00 Hours | 2081/12/17 14:00 Hours |

Eligible Bidders may obtain further information and inspect the bidding documents from PPMO e-gp system www.bolpatra.gov.np/egp, or may visit Public Health Office, Kavrepalanchok at Dhulikhel at office hours from 10:00 AM to 17:00 PM or may contact through telephone no.011-490300.



# वर्गीकृत डिस्प्ले

### मोटरसाइकल हराएको सूचना

मिति २०८१/११/०८ गते अ. १३:४० बजे को समयमा का.जि. गो.न.पा. वडा नं. ८, माकलबारी स्थित देवकोटा कलेजबाट लुम्बिनी प्रदेश ०१-००५ प ०९९६ नं.को रंग निलो २२० सिसि पल्सर मोटरसाइकल हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
सवारी धनी : रामबाबु श्रेष्ठ
इन्जिन नं.: DKXCSK04903
च्यासिस नं.: MD2A13EX9SCK80148
ठेगाना: लालबन्धी न.पा.-४, सर्लाही
सम्पर्क नं.: ९८४३३०८८९८

वर्गीकृत डिस्प्ले रू. १,०००/- मू.अ.कर सहित
वर्गीकृत विज्ञापन प्रति शब्द रू. २५/- मू.अ.कर बाहेक

### राजधानी न्युज पब्लिकेसन प्रा.लि.का प्रदेश कार्यालयहरु

कोशी प्रदेश कार्यालय
विराटनगर, मो.नं.: ९८४२०७३४३२
मधेश प्रदेश कार्यालय
वीरगञ्ज, मो.नं.: ९८५५०३६१५४
लुम्बिनी प्रदेश कार्यालय
बुटवल, मो.नं.: ९८५७०१०३१८
गण्डकी प्रदेश, कार्यालय, पोखरा,
मो.नं.: ९८६४३७५६९०, ९८१६६४५७२७
सुदूरपश्चिम प्रदेश कार्यालय
धनगढी, मो.नं.:९८६८४५७२५६

वर्गीकृत डिस्प्लेका लागि सिधा सम्पर्क
०१-४८११०८०, ४८१३०२९/३०/३१/३२ Ext. No.: १०२
Email: rajdhanimarketing76@gmail.com website: www.rajdhanidaily.com


हरेक पन्ध्र दिनमा आइतबार राजधानी दैनिकको पृष्ठ ७ मा 'श्रम रोजगार विशेष' पढ्न नभुल्नुहोला ।
www.rajdhanidaily.com

# उच्च मूल्यवृद्धि, उपभोक्ता जागरण र महत्व



● गम्भीरबहादुर हाडा

पेट्रोलियम पदार्थको मूल्यमा आउने उतार-चढाव र भारतको मूल्य स्थितिले असर पार्ने गरेको छ । मौद्रिक नीतिले प्रमुख उद्देश्य मूल्य स्थिरता कायम गर्ने भए पनि आपूर्ति पक्षबाट मूल्य स्थिरतामा बढी चाप पर्ने गरेकाले हालका वर्षमा मौद्रिक उपकरणको प्रयोगबाट मूल्य स्थिरता कायम राख्ने काम जटिल बन्दै गइरहेको छ



सामान्यतया उपभोक्ताले वस्तु खरिद गर्दा देखा पर्ने बानी, व्यहोरा, इच्छा, आकांक्षा, वस्तुप्रतिको चाहना तथा उसको मनोवैज्ञानिक विचारलाई नै उपभोक्ता व्यवहार भनिन्छ । परापूर्वकालमा जब बजारशास्त्रको क्षेत्र सीमित थियो त्यस अवस्थामा प्रत्येक व्यवसायी प्रत्यक्ष रूपमा सम्बन्धित उपभोक्तासँग सम्बन्ध राखी ती उपभोक्ताहरूको व्यवहारको जानकारी अनुसार वस्तु तथा सेवाको उत्पाद तथा आपूर्ति गर्ने गर्थे । आज आएर बजारशास्त्रको क्षेत्र यति व्यापक भइसकेको छ जसले गर्दा संसारको एक ठाउँको व्यवसायीले अर्को ठाउँमा रहेको उपभोक्ताको व्यवहार बुझ्नुपर्छ। प्रत्येक व्यवसायीले सम्बन्धित उपभोक्ताको व्यवहार बुझ्न ठूला-ठूला बजारको अनुसन्धान कार्य गर्नुपर्ने हुन्छ ।

कानुनले उपभोक्तालाई अधिकार प्रदान गरेर सरकारलाई त्यसको रक्षाको दायित्व तोकिए पनि नेपाली वस्तु र सेवा बजारमा आपूर्ति, मूल्य, गुणस्तर नियमन र कार्यमा व्यापक समस्या छ । अधिकांश वस्तु र सेवा व्यापारीबाट उपभोक्ताउपर लुट मच्चाउने शृंखला बढ्दो छ । वस्तु र सेवा उत्पादक थोक तथा खुद्रा बिक्रेता ढुवानीकर्ताले आपूर्तिमा बजार एकाधिकार र आलोपालोबाट व्यवसाय सञ्चालन गरेका छन् । सरकारले प्रत्येक जिल्लामा आपूर्ति आयुक्त तोक्नुपर्नेमा तोकेको छैन । बजार हेर्ने निरीक्षण अधिकृतलाई सक्रिय बनाएको पनि पाइँदैन ।

उपभोक्ताको उचित तवरले संरक्षण हुनुपर्छ भन्ने हेतुले सन् १९६२, १५ मार्चमा पहिलोपटक तत्कालीन अमेरिकी राष्ट्रपति जोन अफ केनेडीले अमेरिकी कांग्रेसमा 'कन्जुमर बिल अफ राइट्स' लगेका थिए । यसपछि अन्य मुलुकमा समेत यसले निरन्तरता पाएको देखिन्छ । नेपालमा समेत उपभोक्ताका हक अधिकारबारे लामो समयदेखि बहस चल्दै आएको छ । पछिल्लो समय व्यवस्थित र मर्यादित रूपले उपभोक्ता अधिकार सुनिश्चित गर्ने हेतुले उपभोक्ता अदालतको विषय अगाडि सारिएको छ ।

मुलुकमा उपभोक्ता अदालत गठनका विषयमा लामो समयदेखि बहस भए पनि यसले मूर्तरूप प्राप्त गर्न सकेको छैन । करिब एक दशकअगाडि २३ भदौ २०७३ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले सबै प्रदेशमा एक-एकवटा उपभोक्ता अदालत बनाउने घोषणा गरेका थिए। उपभोक्तालाई अन्याय पर्दा तत्काल सुनुवाइ गर्ने संयन्त्र नभएको भन्दै उनले उपभोक्ता अदालतको विषय उठाएका थिए । त्यसअगाडि व्यवस्थापिका-संसद्को उद्योग, वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिले पनि उपभोक्ता अदालतको आवाज उठाएको थियो ।

संसदीय समितिले २०७२ असोजमा उपभोक्ता अदालत वा उपभोक्ता इजलासको व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको थियो । समितिको निर्देशनअनुसार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले उपभोक्ता संरक्षण ऐन २०७५ मा पनि उपभोक्ता अदालतको विषय समावेश गरिएको थियो। ऐनमा भएको व्यवस्थाअनुसार सरकारले अदालत गठन नगरेको भन्दै उपभोक्ता हित संरक्षण मञ्चले सर्वोच्चमा रिट निवेदन पनि दर्ता गरायो। सरकारले ढिलाइ गरेपछि सर्वोच्च अदालतले ८ फागुन २०७८ मा सातवटै प्रदेशमा उपभोक्ता अदालत गठन गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । अहिले आएर मात्र यसको कार्यान्वयन पक्ष अगाडि बढेको जनाए पनि पूर्णता भने पाएको छैन ।

उपभोक्ता अदालतका बारेमा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ मा व्यवस्था गरिएको छ । जसमा दफा ४० को उपदफा १ बमोजिम हुने मुद्दाबाहेक अन्य मुद्दाको कारबाही तथा किनारा गर्नका लागि सरकारले राजपत्रमा सूचना प्रकाशन गरेर आवश्यकताअनुसार उपभोक्ता अदालत गठन गर्न सक्ने उल्लेख छ । यसैलाई आधार बनाएर केही दिनपहिले उपभोक्ता संरक्षण परिषद्ले उपभोक्ता अदालत गठनसम्बन्धी प्रस्ताव तयार गरेको थियो। परिषद्ले प्रस्ताव पेस गर्दै तत्काल अदालत स्थापनाका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरेसँगै मुलुकमा पहिलोपटक उपभोक्ता अदालत गठन प्रक्रिया अगाडि बढेको जनाइएको छ ।

नेपालमा उपभोक्ता अधिकारको इतिहास हेर्ने हो भने मल्लकालीन राजा जयस्थिति मल्लको समयमा माना-पाथीको सुरुवात गरेर एउटै मापन प्रणालीको विकास गरेको देखिन्छ। यसबाट उपभोक्ताहरू केही हदसम्म मापन प्रणालीमा हुन सक्ने अनियमितताको सम्भावनाबाट जोगिन पुगेका थिए । ऐनको रूपमा पहिलोपटक उपभोक्ता संरक्षण ऐन, २०५४ बनेको पाइन्छ । यसपछि २०५६ मा नियमावली बनाएर कार्यान्वयन अघि बढाएको देखिन्छ। वर्तमान संविधान २०७२ को धारा ४४ को १ मा उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ र भाग २ मा गुणस्तरहीन वस्तु तथा सेवाले आघात पुगेको खण्डमा क्षतिपूर्तिको व्यवस्था हुनेछ भनेर उल्लेख गरिएको छ । यो मौलिक हकलाई कार्यान्वयन गर्नका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ समेत बनेको छ । यो ऐन परिच्छेद-२ को उपभोक्ता संरक्षणसम्बन्धी व्यवस्थाअन्तर्गत उपभोक्ताको अधिकारमा जम्मा नौवटा अधिकारहरू सूचीकृत गरिएको छ। (स्रोत : धर्मराज भट्टराई, उपभोक्ता अदालतको अपरिहार्यता, राजधानी, २१ मंसिर, २०८१) ।

आर्थिक सर्वेक्षण २०८०/८१ मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षको सुरुवातमा देखिएको मुद्रास्फीतिमाथिको दबाब पछिल्लो महिनामा बिस्तारै कम हुँदै गएको छ । यस आर्थिक वर्षको फागुनसम्म औसत मुद्रास्फीति दर ६ दशमलव शून्य ८ प्रतिशत छ । मूल्यवृद्धि नियन्त्रणका लागि लिइएका नीति तथा विश्वका अधिकांश अर्थतन्त्रको मुद्रास्फीतिमा आएको उल्लेख्य सुधारको प्रभाव आन्तरिक तथा बाह्य अर्थतन्त्रमा समेत परेको छ ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा कमी आएसँगै पेट्रोलियम पदार्थमा गरिएको मूल्य समायोजन, पैठारी मूल्य सूचकांक, तलब तथा ज्यालादर र थोक मूल्य सूचकांक वृद्धिदरमा आएको कमी, कमजोर आन्तरिक मागसमेतका कारण उपभोक्ता मुद्रास्फीतिमा तुलनात्मक रूपमा कम दबाब पर्न थालेको छ । चालू आर्थिक वर्षको फागुन महिनासम्मको प्रवृत्तिका आधारमा आर्थिक वर्षको अन्त्यसम्म वार्षिक औसत मुद्रास्फीति वृद्धिदर लक्षित सीमा ६ दशमलव ५ प्रतिशत रहने अनुमान छ ।

आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ६ दशमलव शून्य ८ प्रतिशत छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७ दशमलव ९३ प्रतिशत रहेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८० फागुन महिनामा उपभोक्ता मुद्रास्फीति ४ दशमलव ८२ प्रतिशत छ। २०७९ फागुन महिनामा यस्तो मुद्रास्फीति ७ दशमलव ४४ प्रतिशत थियो। वार्षिक बिन्दुगत आधारमा २०८० फागुन महिनामा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति ५ दशमलव ९४ प्रतिशत छ । गत वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५ दशमलव ६४ प्रतिशत थियो। २०८० फागुन महिनामा खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत मरमसला, तरकारी, दाल तथा गेडागुडी उपसमूहको दोहोरो अंकले मूल्यवृद्धि भएको छ।

वार्षिक बिन्दुगत आधारमा २०८० फागुन महिनामा गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३ दशमलव ९५ प्रतिशत छ। गत वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ८ दशमलव ८७ प्रतिशत थियो । २०८० फागुन महिनामा यस्तो गैरखाद्य तथा सेवा समूहको दोहोरो अंकले मूल्यवृद्धि भएको छ। वार्षिक बिन्दुगत आधारमा २०८० फागुन महिनामा काठमाडौं उपत्यकामा ४ दशमलव ८८ प्रतिशत तराईमा ४ दशमलव ४२ प्रतिशत, पहाडमा ५ दशमलव ४९ प्रतिशत र हिमालमा ४ दशमलव ४२ प्रतिशत मुद्रास्फीति छ। गत वर्षको सोही महिनामा यी क्षेत्रको मुद्रास्फीति क्रमशः ७ दशमलव ९५ प्रतिशत, ७ दशमलव ५ प्रतिशत र ६ दशमलव ६७ प्रतिशत र ८ दशमलव शून्य ९ प्रतिशत थियो ।

वार्षिक विन्दुगत आधारमा २०८० फागुन महिनामा थोक मुद्रास्फीति ३ दशमलव ६९ प्रतिशत छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७ दशमलव १ प्रतिशत थियो। २०८० फागुन महिनामा थोक मूल्यअन्तर्गत प्राथमिक वस्तुको मूल्य ८ दशमलव ९५ प्रतिशत र उत्पादित वस्तुको मूल्य २ दशमलव ३६ प्रतिशतले वृद्धि भएको छ भने इन्धन तथा ऊर्जाको मूल्य ५ दशमलव २८ प्रतिशतले घटेको छ। गत वर्षको सोही महिनामा प्राथमिक वस्तुको मूल्य १ दशमलव ८१ प्रतिशत, इन्धन तथा ऊर्जाको मूल्य २५ दशमलव ७९ प्रतिशत र उत्पादित वस्तुको मूल्य ७ दशमलव ३३ प्रतिशतले वृद्धि भएको थियो ।

वार्षिक बिन्दुगत आधारमा २०८० फागुन महिनामा तलब तथा ज्यालादर सूचकांक ५ दशमलव ५६ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा उक्त सूचकांक ८ दशमलव ५६ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०८० फागुन महिनामा तलब सूचकांक र ज्यालादर सूचकांक क्रमशः १ दशमलव शून्य ५ प्रतिशत र ६ दशमलव ९२ प्रतिशतले बढेको छ । स्वदेशी बजारमा २०८० असार मसान्तसम्म प्रतिलिटर १ सय ६४ रुपैयाँ रहेको खुद्रामूल्य २०८० फागुनमा ४ दशमलव ८८ प्रतिशतले वृद्धि भई प्रतिलिटर १ सय ७२ रुपैयाँ कायम भएको छ। २०८० असार मसान्तमा प्रतिलिटर १ सय ४६ रुपैयाँ रहेको डिजेलको खुद्रा मूल्य २०८० फागुनसम्ममा ९ दशमलव ९५ प्रतिशतले वृद्धि भई प्रतिलिटर १ सय ६० रुपैयाँ कायम भएको छ।

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा संघीय निजामती सेवा कानुन यसै अधिवेशनबाट पारित गरी कार्यान्वयन गरिने कार्यक्रम राखिएको छ। राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउन, काममा उत्प्रेरित गराउन, सेवा सुरक्षा, संरक्षण र अनुमानयोग्य सरुवा-बढुवा प्रणाली सुनिश्चित गरिने कार्यक्रम राखिएको छ। सार्वजनिक क्षेत्रमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवाप्रवाहलाई थप सुदृढ गरिने कार्यक्रम राखिएको छ । ई-गभर्नेन्सको माध्यमबाट सार्वजनिक सेवालाई मुहाररहित, कागजरहित र सम्पर्करहित बनाई गुणस्तर अभिवृद्धि गरिने कार्यक्रम राखिएको छ।

सेवाग्राही र सेवाप्रदायकबीच नियमित संवादमार्फत सम्पादित कामको विषयमा सेवाग्राहीको पृष्ठपोषण लिन, गुनासाको तत्काल सम्बोधन गर्न र कार्यसम्पादनमा सुधार ल्याउन सेवाग्राहीसँग कार्यक्रम सञ्चालन गरिने कार्यक्रम राखिएको छ । भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिइने उल्लेख छ । भ्रष्टाचारको दृष्टिले उच्च जोखिमका क्षेत्र पहिचान गरी नियन्त्रणका लागि एकीकृत रूपमा प्रवर्धनात्मक, निरोधात्मक तथा उपचारात्मक उपाय अवलम्बन गरिने कार्यक्रम राखिएको छ ।

संघीयता कार्यान्वयनलाई पूर्णता दिन बाँकी कानुन प्राथमकिताका साथ तर्जुमा गरिने कार्यक्रम राखिनुका साथै संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको विस्तृतीकरणसम्बन्धी परिमार्जित प्रतिवेदन कार्यान्वयन गरी अधिकार र कार्यक्षेत्रमा रहेको दोहोरोपनाको अन्त गरिने नीति तथा कार्यक्रम पनि राखिएको छ। राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरण गर्दा लिइने आधार र सूचकलाई हालसम्मको अभ्यास र अनुभवको आधारमा पुनरावलोकन गरी वस्तुनिष्ठ, समन्यायिक र यथार्थपरक बनाइने पनि कार्यक्रम राखिएको छ ।

सार्वजनिक प्रशासनको संरचनागत, कार्यात्मक र व्यवहारगत सुधार एवं सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्धन गरिने कार्यक्रम राखिएको छ । आगामी आर्थिक वर्ष सार्वजनिक उत्तरदायित्व र स्वार्थको द्वन्द्वसम्बन्धी कानुन तर्जुमा गरिने नीति लिइएको छ। सूचना प्रविधिको अधिकतम उपयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्धन गरिने नीति लिइएको छ। साथै, बजेटका पाँच रूपान्तरणकारी क्षेत्र देहायबमोजिम रहेका छन् : कृषि क्षेत्र रूपान्तरण, ऊर्जा क्षेत्र विकास, सूचना प्रविधि विकास, पर्यटन प्रवर्धन र उद्यमशीलता र औद्योगिक विकास आदिजस्ता कार्यक्रमहरू पनि राखिएको पाइन्छ।

वर्तमान सोह्रौं योजना (२०८१/८२–२०८५/८६) मा मूल्यनीति अन्तर्गत राजनीतिक दलहरूले समाजको विभिन्न क्षेत्र र वर्गसँग लिने चन्दा तथा आर्थिक सहायतालाई पारदर्शी बनाउन पूर्ण रूपमा कानुनी परिपालना गराउने राजनीतिक दलले कुनै प्रकारको वैदेशिक सहयोग लिन नपाउने व्यवस्था गर्ने राजनीति दलसम्बन्धी कानुनमा समयानुकूल परिमार्जन गरी राजनीतिक दलको कार्यशैली, आचरण तथा व्यवहारमा सुधार गर्ने निर्वाचन प्रणालीका विभिन्न चरणहरूमा घरदैलो कार्यक्रमलाई निरुत्साहित गर्दै आधुनिक प्रविधिको प्रयोग गरी निर्वाचन प्रणालीलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, मर्यादित र मितव्ययी बनाउन आवश्यक कानुनी व्यवस्था गर्ने मतदान अस्वीकार गर्ने अधिकारजस्ता विषय कानुनमा समावेश गरी प्रत्यक्ष लोकतन्त्रलाई सुदृढ बनाउने नीति तथा कार्यक्रम राखिएको छ।

पूर्ण नगदरहित कारोबारका लागि नीतिगत, कानुनी, संस्थागत र कार्यक्रमको कार्ययोजना तर्जुमा गरी चरणवद्ध रूपमा कार्यान्वयनमा ल्याउने खुला सरकारको अवधारणा अवलम्बन गरी सार्वजनिक सेवामा सुशासन कायम गर्न जनउत्तरदायी, पारदर्शी, सहभागितामूलक कानुनको परिपालना गर्ने वातावरण तयार गर्ने उच्च पदाधिकारीहरूको अनिवार्य रूपमा सूचकको आधारमा निष्ठाको मूल्यांकन गर्ने संयन्त्रको विकास गर्ने सूचना प्रविधिको प्रयोग, छरितो प्रशासनिक संरचना, उच्च मनोबल र अभिप्रेरित कर्मचारीतन्त्रमार्फत सार्वजनिक सेवालाई प्रभावकारी बनाउने तहगत सरकारले आवधिक योजना तथा कानुनबमोजिम मध्यकालीन खर्च संरचनाको तर्जुमा गर्ने तथा तोकिएको समयसीमाभित्र नै वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा पेस गरी प्रभावकारी कार्यान्वयन गर्ने प्रबन्ध मिलाउने ।

न्यायिक प्रक्रियालाई सरल, अनुमानयोग्य, जवाफदेही, पारदर्शी र सूचना प्रविधिमैत्री बनाई सबैका लागि न्याय सुनिश्चित गर्ने न्यायपालिकाप्रतिको जनआस्था र विश्वासमा अभिवृद्धि गरी न्यायपूर्ण समाज निर्माण गर्ने सूचना प्रविधिको प्रयोगमार्फत न्याय सम्पादन प्रणालीलाई छिटो, छरितो र पहुँचयोग्य बनाउने अदालतमा रहेको मुद्दाको चाप न्यूनीकरण गर्न अदालतसँग समन्वय गरी मुद्दा व्यवस्थापनका सम्बन्धमा प्रभावकारी उपाय अवलम्बन गर्ने न्यायपालिकाको संस्थागत सुदृढीकरण एवम् अर्धन्यायिक निकाय, न्यायिक समितिलगायतको सबलीकरण गर्ने ।

सरकारी तथा निजी क्षेत्रमा कार्यरत कर्मचारी, राजनीतिक दलमा आबद्ध पदाधिकारी र सदस्यहरूका लागि आवश्यक पर्ने नैतिकता, सदाचारिता, निष्ठा, आध्यात्मिक बौद्धिकता अभिवृद्धि गर्न सम्बन्धित नीति तथा कानुनमा सुधार गर्ने कूटनैतिक आचारसंहिताको पूर्ण परिपालना र प्रभावकारी प्रयोग गर्ने नागरिकले राज्य, समाज र परिवारप्रति निर्वाह गर्नुपर्ने जिम्मेवारी तथा कर्तव्य बोध गराउन आवश्यक रणनीति अवलम्बन गर्ने उद्देश्य राखिएको छ।

लक्षित समुदाय तथा वर्गको संरक्षण, उत्थान र सशक्तीकरण गर्दै राज्यका हरेक क्षेत्रमा पहुँच पहिचान र प्रतिनिधित्व सुनिश्चित गर्न विद्यमान नीति, कानुन तथा व्यवस्थामा सुधार गर्ने विद्यमान विभेदकारी कानुनमा सुधार तथा नयाँ बन्ने कानुनहरूलाई समावेशी एवं लैंगिकमैत्री बनाउने ।

सार्वजनिक पदाधिकारीको स्पष्ट उत्तरदायित्व निर्धारण गर्न कानुनी व्यवस्था मिलाइने अनुगमन तथा मूल्यांकन प्रणालीमा प्रविधिको अधिकतम प्रयोग गर्ने नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्न पृष्ठपोषणलाई अनिवार्य कार्यान्वयन गर्ने, गराउने प्रशासनिक सुशासनलाई नतिजामुखी बनाउन सेवाग्राहीबाट सम्बन्धित पदाधिकारीको मूल्यांकन गर्ने प्रणाली विकास गर्ने रणनीति तथा कार्यक्रम राखिएको पाइन्छ ।

मूल्य स्थितिलाई माग एवं लागत तथा आपूर्तिजन्य पक्षले प्रभाव पार्ने गर्छ। उत्पादनका साधनहरूको मूल्यमा आउने परिवर्तन, कच्चा पदार्थको उपलब्धताको अवस्था, सरकारले अवलम्बन गर्ने आर्थिक नीति, बाह्य मुलुकमा हुने मूल्यवृद्धि, प्रतिस्पर्धात्मक बजारको अवस्था, विभिन्न प्राकृतिक विपत्तिको अवस्था आदिले मूल्यमा प्रभाव पारिहेको हुन्छ। साथै, मौद्रिक योगांकहरूमा हुने परिवर्तनको असर समष्टिगत मागमा पर्ने भएकाले यस्तो प्रभाव मूल्यमा समेत पर्छ ।

नेपालको मूल्य स्थितिमा माग पक्षको भन्दा आपूर्ति पक्ष र संरचनात्मक पक्ष, खासगरी पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा आउने उतार-चढाव र भारतको मूल्य स्थितिले असर पार्ने गरेको छ । मौद्रिक नीतिले प्रमुख उद्देश्य मूल्य स्थिरता कायम गर्ने भए पनि आपूर्ति पक्षबाट मूल्य स्थिरतामा बढी चाप पर्ने गरेको हालका वर्षहरूमा मौद्रिक उपकरणहरूको प्रयोगबाट मूल्य स्थिरता कायम राख्ने काम जटिल बन्दै गइरहेको छ। मुद्रा विस्तारलाई उपयुक्त सीमामा राख्ने प्रयास भइरहेका छन् ।

आर्थिक वृद्धिलाई गतिशील तुल्याउने एवं आम सर्वसाधारणको क्रयशक्तिमा ह्रास आउन नदिने गरी मुद्रास्फीति दरलाई निश्चित सीमाभित्र राख्नु यस क्षेत्रको मुख्य चुनौतीको रूपमा रहेको छ । त्यसैगरी कृषिक्षेत्रलाई मौसमी प्रतिकूलताबाट मुक्त गर्न र आधुनिक कृषि प्रविधिको प्रयोगबाट यसको उत्पादन वृद्धि एवं सहज आपूर्तिको प्रबन्ध गर्नु र ढुवानी तथा बिक्री-वितरणमा देखिएको मिलेमतोलाई नियन्त्रण गर्नु चुनौतीपूर्ण छ । वित्त नीति र मौद्रिक नीतिबीचमा उपयुक्त सन्तुलन कायम गर्दै आर्थिक वृद्धिलाई सहयोग पुग्ने गरी मुद्रा बजारलाई व्यवस्थित गर्नुपर्ने चुनौती छ ।

सामान्यतः माग र आपूर्तिले वस्तु तथा सेवाको मूल्य निर्धारण गर्ने गर्छ। मूल्य स्थितिले लगानी, रोजगारी उत्पादन, वितरणजस्ता अर्थतन्त्रका समग्र पक्षमा असर पर्ने गर्छ। उत्पादनका साधनहरूको उपलब्धता तथा मूल्यमा आउने परिवर्तन, सरकारले अवलम्बन गर्ने नीति, बाह्य मुलुकको मूल्यवृद्धिको अवस्था प्रतिस्पर्धाको अवस्था, मानवीय तथा अन्य कारणले समष्टिगत मागमा आउने परिवर्तनजस्ता पक्षले मूल्य स्थितिमा प्रभाव पारेको हुन्छ। मुद्रास्फीति दरलाई वाञ्छित सीमामा राखी समग्र लगानी तथा रोजगारी उत्पादन, आपूर्ति तथा मागजस्ता पक्षको अभिवृद्धिमार्फत उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने दिशामा यो योजना केन्द्रित रहेको छ।

## टिप्पणी प्रतिक्रिया

### कृषिप्रधान देशको यस्तो हालत

देश कृषिप्रधान नै हो तर कुर्सीप्रधान पनि भएको छ र कुर्सीमा बस्नेहरूको दूरदृष्टि नहुँदा धानको उत्पादन घट्यो विगतमा। आव २०७५/०७६ मा धानको उत्पादन ५६ लाख १० हजार ११ टन थियो। २०७६/०७७ मा १ प्रतिशतले घटेर ५५ लाख ५० हजार ८ सय ७८ टन रह्यो। आव २०७७/०७८ मा १:२८ प्रतिशतले बढेर ५६ लाख २१ हजार ७ सय १० टन पुग्यो, आव २०७८/७९ मा धेरै घट्यो ८:७४ प्रतिशतले ५१ लाख ३० हजार ६ सय २५ टनमा ।

आव २०७९/८० मा ६:९४ प्रतिशतले बढ्यो ५४ लाख ८६ हजार ४ सय ७२ टन पुग्यो । गत वर्ष २०८०/०८१ मा ४:३३ प्रतिशतले बढ्यो ५६ लाख २१ हजार ७ सय १० टनमा आयो ।

दुःख लाग्छ भुटानले हामीलाई चामल बेच्छ, भियतनामले, भारत, थाइल्यान्ड, चीन, कोरिया, इटली, ताइवान यी देशहरू नेपालका लागि चामल बेचुवा भएका छन्। हामी भने यी र अरू देशलाई मान्छे बेचुवा भएका छौं। कठै बेचिएका मान्छेहरूले यहीँ बसेर धान उत्पादन गर्न सकेको भए हुन्थ्यो नि। अहिले यूएसमा विद्यार्थीहरूसमेत ठसठस कन्दै छन् । हप्तामा २० घण्टाभन्दा बढी काम गर्न नपाइने नियम छ।

ट्रम्पले त्यो नियम लागू गर्दै छन् । हप्ताको २० घण्टा काम गर्दा बिचराहरूको खर्च धानिँदैन रे । ट्रम्पले तेल भिसा पनि नो नो भन्दै छन् । एकै परिवार ४ जना मेरा आफन्तले भिसा एप्लाई गरेका, अहँ भएन। सुत्केरी बुहारी भेट्न अमेरिका जानुभन्दा धर्म गर्न कुम्भ जानु बेस् भन्दै बिरक्तिएर उता हानिए ।

के थाहा अरू देशले पनि नेपाली श्रमिकलाई डिपोट गरिदिए भने, यहाँको लोकतन्त्र नै ज्या हुन सक्छ। असह्य पीडा परेर मुटुमाथि ढुंगा हानेर पो गएका छन् त नेपालीहरू विदेश । लोकतन्त्र आउनुअघि यतै थिए ती, गर्जो टरेकै थियो । खाएकै थिए, लाएकै थिए, बनिबुतो गरेकै थिए । लोकतन्त्रलाई पश्चात्ताप छैन बरु विप्रेषणमा रमाएको छ।

● श्यामकृष्ण खनाल
*अर्घाखाँची*

### खोलाकै पानी पिउन बाध्य छन् स्थानीय

उदयपुरको कटारी नगरपालिका-१, माथिल्लो खसिबासका स्थानीयलाई खानेपानीको समस्या छ । खानेपानीको कुनै पनि आयोजना सञ्चालन नहुँदा यहाँका स्थानीय खोलाको पानी पिउन बाध्य छन्। हिउँद लागेसँगै खोलाको पानीसमेत सुक्दै जाने भएकाले झनै समस्या हुने गरेको स्थानीय बताउँछन् । खोलाभन्दा माथिल्लो गाउँमा पानीको समस्या छ, लुगा धुन, नुहाउन त तल्लो गाउँतिर लुगा बोकेर आउँछन् तर गाईवस्तुलाई पानी खुवाउनसमेत समस्या छ।

खसिबासको तल्लो भेगमा विभिन्न आयोजनाबाट पानी सञ्चालनमा छ। माथिल्लो खसिबासमा भने पानीको कुनै पनि आयोजना सञ्चालनमा छैन । वर्षामा खोलामा बाढी आउँदा झनै पिउने पानीसमेत समस्या हुने गरेको छ। हिउँदमा खोलाखोल्सी चहारेर पानीको जोहो गर्नुपर्छ। माथिल्लो खसिबासका ५०-६० घरमा पानीको समस्या छ। तल्लो खसिबासमा पनि आयोजनाबाट सञ्चालित पानी पर्याप्त छैन। खोलामा मोटर जोडेर पानी प्रयोग गर्नेलाई वर्षामा बाढीका कारण पानी धमिलो हुने र हिउँदमा पानी घट्ने भएकाले समस्या रहेको छ । चारैतिर चुरे वनले घेरिएको यो गाउँ पशुपालनका लागि उपयुक्त भए पनि पानीको समस्या रहेको स्थानीय बताउँछन् ।

● रुद्रबहादुर राई
*उदयपुर*

### कृषि घरेलु उद्योग स्थापना गरौं

राज्यले कृषिक्षेत्रलाई देशको जैविक विविधतामा आधारित खेती गर्ने वैज्ञानिक कार्ययोजना बनाउनुपर्छ । कृषकलाई पशुपालन, पन्छीपालन, फलफूल खेती, पुष्प खेती, जडीबुटी खेती, अलैंची, अदुवा, अम्रिसोलगायत आयआर्जन गर्न सकिने खेती उत्पादनमा आधारित कृषि तालिम दिएपछि उल्लिखित उत्पादनमा आधारित घरेलु उद्योगहरू स्थापना गर्नुपर्छ। भारत, इजरायल, न्युजिल्यान्डलगायतका देशहरूले कृषि र पशुपालनबाट गरेको आर्थिक समद्धिको मोडेल नेपालले लागू गर्न आवश्यक छ । देश विकास ठूला कुरा गरेर होइन, सानासाना काम गरेर हुन सक्छ । कृषि र पशुपालनलाई वैज्ञानिक तरिकाले विकास गरी देशलाई आत्मनिर्भर बनाउन सकिन्छ भन्ने कुरा राज्यले किन बुझ्दैन ?

विदेश गएर जीवन निर्वाह गरिरहेका युवाहरूले सामाजिक सञ्जालहरूमा प्रस्तुत गरिरहने अभिव्यक्तिलाई हेर्दा, सुन्दा र पढ्दा उनीहरू रहरले बिदेसिएका होइनन् । स्वदेशमा आयआर्जन गर्न नसक्दा काम, माम र जीवनयापनका लागि छिमेकी वा टाढाका मुलुकहरूमा गएका हुन् ।

जीवनयापनको बाध्यतासँग कान्छा, कान्छी, बहादुर वा कामदारको नाममा विदेशी भूमिमा श्रम र श्री बेच्न बाध्य भएका हुन्। तसर्थ, राज्यले नेपालमा नै रोजगारीको सिर्जना गर्नुपर्छ। यसो गर्दा पहिलो चरणमा गाउँ, बस्तीका युवाशक्तिलाई आफ्नै ठाउँमा स्वरोजगार हुनका लागि व्यावसायिक तालिमलाई हरेक पालिकाहरूमा सञ्चालन गर्नुपर्छ ।

● श्याम विश्वकर्मा
*पाल्पा*

## संक्षेप

### सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको साधारण सभा सम्पन्न




**काठमाडौं/रास–** सिद्धार्थ प्रिमियर इन्स्योरेन्सले वार्षिक साधारणसभा सम्पन्न गरेको छ। इन्स्योरेन्सले बिहीबार कम्पनीको ३१औं वार्षिक साधारणसभा सम्पन्न गरेको हो।

सभाले सञ्चालक सतितिले प्रस्ताव गरेबमोजिम चुक्ता पुँजीको ३० प्रतिशत नगद लाभांश (करसहित) वितरणको प्रस्ताव पारित गरेको छ। सो साधारणसभामा सञ्चालक समितिका तर्फबाट कम्पनीका अध्यक्ष सुरेशलाल श्रेष्ठले कम्पनीको वार्षिक प्रतिवेदन तथा वित्तीय विवरण प्रस्तुत गरेका थिए।

### आईएमई पेले यूएईबाट बोटिम गर्नेलाई ५ सय बोनस दिने

**काठमाडौं/रास–** नेपालको डिजिटल वालेट आईएमई पेले विदेशमा बस्ने नेपालीलाई ५ सय बोनस दिने भएको छ। यूएईमा बस्ने नेपालीले बोटिम एपमार्फत पैसा पठाएमा सो बोनस पाउने आईएमई पेले जनाएको छ।

बोटिमसँग यूएईबाट रकम पठाउन मिल्ने सम्झौता भएसँगै यस अफर दिने घोषण गरिएको सो कम्पनीले जनाएको छ। बिहीबारदेखि आगामी १५ चैतसम्म लागू हुने अफरअन्तर्गत १० हजारभन्दा बढी प्राप्त गर्ने १० जना भाग्यशाली विजेताले बोनस रकम पाउने सो कम्पनीले जनाएको छ।

# सेयर बजारमा हरियाली

## नेप्से ४९ दशमलव १५ अंकले बढेर २८१५ बिन्दुमा

राजधानी समाचारदाता
काठमाडौं, १५ फागुन

यस साताको अन्तिम कारोबार दिन बिहीबार पनि सेयर बजार परिसूचक नेप्से अघिल्लो दिनको तुलनामा ४९ दशमलव १५ अंकले बढेको छ। सो वृद्धिपछि नेप्से २८ सय १५ दशमलव ४ बिन्दुमा कायम भएको छ। यसअघिका कारोबार दिनहरूमा पनि निरन्तर सेयर बजार उकालो यात्रामै रहेको थियो।

यस दिन सेयर कारोबार रकम पनि अघिल्लो दिनको भन्दा बढेको छ। अघिल्लो दिन ९ अर्ब ९० करोडको कारोबार भएकामा बिहीबार ११ अर्ब ३९ करोड २४ लाख १ हजार ८ सय १५ रुपैयाँको सेयर कारोबार भएको छ।

१ सय ८६ वटा कम्पनीको सेयर मूल्य बढेको छ। ५२ वटा कम्पनीको सेयर मूल्य घट्यो भने ६ वटा कम्पनीको स्थिर छ। यस दिन बैंकिङ उपसमूहको सेयर मूल्य सबैभन्दा धेरै ३ दशमलव ३२ प्रतिशतले बढेको छ। विशेषगरी नेपाल राष्ट्र बैंकले गत मंगलबार सार्वजनिक गरेको चालू आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाले असल ऋणमा गर्दै आएको नोक्सानी व्यवस्थापन (प्रोभिजनिङ) लाई १ प्रतिशतमै झारेको छ।

यसअघि यस्तो नोक्सानी १ दशमलव १० प्रतिशत थियो। मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूको असल कर्जाको प्रोभिजनिङ घटाएसँगै नाफा बढाउन मद्दत पुग्ने भएकाले लगानीकर्तामा सकारामक प्रभाव परेका कारण बिहीबार बैंकिङ उपसमूहको सेयरमा आकर्षण देखिएको हो।

राष्ट्र बैंकले गरिदिएको मौद्रिक नीतिको नयाँ व्यवस्थाले अब बैंकहरूको आगामी वित्तीय विवरणमा नाफा बढ्ने अनुमान गरिएको छ। सोही अनुमानकै कारण यस दिन बैंकिङ उपसमूहको सेयर मूल्य यसरी बढेको नेपाल स्टक एक्सचेन्ज लिमिटेडले जनाएको छ। यस दिन कारोबारमा आएका विभिन्न १३ वटा उपसमूहमध्ये सबै उपसमूहको सेयर मूल्य सूचक बढेका छन्। सर्वाधिक बढेको बैंकिङ उपसमूहपछि उत्पादन उपसमूहको सेयर मूल्य २ दशमलव ९१ प्रतिशतले बढेको छ।

यसैगरी, व्यापार उपसमूहको सेयर मूल्य १ दशमलव २० प्रतिशत, अन्य उपसमूहको १ दशमलव शून्य १ प्रतिशत, निर्जीवन बिमा उपसमूहको शून्य दशमलव ७० प्रतिशत, माइक्रोफाइनान्स उपसमूहको शून्य दशमलव ९१ प्रतिशत, जीवन बिमा उपसमूहको शून्य दशमलव ८१ प्रतिशत, लगानी उपसमूहको १ दशमलव २५ प्रतिशत, हाइड्रोपावर उपसमूहको १ दशमलव ८ प्रतिशत, होटल तथा पर्यटन उपसमूहको १ दशमलव १२ प्रतिशत, फाइनान्स उपसमूहको शून्य दशमलव २८ प्रतिशत र विकास बैंक उपसमूहको १ दशमलव ५३ प्रतिशतले सेयर मूल्य बढेको छ। यस दिन कारोबारमा आएका कुल ३ सयवटा कम्पनीमध्ये ४ वटा कम्पनीको सेयर मूल्य १० प्रतिशतले बढेको छ। गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स, अपरहेवा खोला, सिन्धु विकास बैंक र दोर्दीखोला हाइड्रोपावरको सेयर मूल्य १० प्रतिशतले बढेको छ। लिबर्टी इनर्जीको सेयर मूल्य ९ दशमलव ९६ प्रतिशत, गुराँस लघुवित्तको ९ दशमलव २४ प्रतिशत, बोटलर्स नेपाल बालाजुको ८ दशमलव ९९ प्रतिशतले सेयर मूल्य बढेको छ।

बिहीबार हिमालयन रि-इन्स्योरेन्सको सेयर सबैभन्दा धेरै ९६ करोड ४७ लाख रुपैयाँबराबरको कारोबार भएको छ।






## वार्षिकोत्सवमा नेसनल लाइफको रक्तदान कार्यक्रम




**काठमाडौं/रास–** नेसनल लाइफ इन्स्यारेन्स कम्पनीले आफ्नो ३८औं वार्षिकोत्सव समारोह सप्ताहव्यापी रूपमा विभिन्न कार्यक्रम गरी सम्पन्न गरेको जनाएको छ।

वार्षिकोत्सवको अवसरमा कम्पनीले सामाजिक उत्तरदायित्वअन्तर्गत मातृ नेपाल बालगृह तारकेश्वरलाई आर्थिक सहयोगसहित त्यहाँ रहेका बालबालिकालाई खाना खुवाउनुका साथै रक्तदान कार्यक्रमसमेत सम्पन्न गरेको थियो।

प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले यस कम्पनीका देशैभर रहेका प्रदेश तथा शाखा कार्यालयले पनि विभिन्न वृद्धाश्रम, बाल कल्याण संस्था एवं मानव सेवा आश्रमजस्ता संस्थाहरूमा यस्ता कार्यक्रमहरू आयोजना गरिएको बताए।

उनले कर्मचारीहरूलाई आन्तरिक क्रियाकलापमा सहभागी गराई शारीरिक तथा मानसिक रूपमा सबल र सक्षम बनाउने उद्देश्यले अन्तरकर्मचारी खेलकुद प्रतियोगिताअन्तर्गत पुरुषतर्फ क्रिकेट, पुरुष तथा महिलातर्फ फुटसल, ब्याडमिन्टन र बुद्धिचालजस्ता विभिन्न प्रकारका खेल प्रतियोगिता आयोजना गरिएको बताए।

काठमाडौंको बूढानीलकण्ठस्थित होटल लेमन ट्रीमा मनोरञ्जानात्मक प्रस्तुतिसहित भव्य रूपले सम्पन्न गरिएको वार्षिकोत्सव समापन कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत खत्रीले नृत्य प्रदर्शन गर्ने कर्मचारीहरूलाई मायाको चिनो तथा खेलकुद प्रतियोगिताका विजेतालाई पदक तथा प्रमाणपत्र र रक्तदान गर्ने कर्मचारीलाई प्रमाणपत्र प्रदान गरेका थिए।

## ईभीको ऋण मूल्य अनुपातको सीमा घटाइएकामा नाडाको आपत्ति

राजधानी समाचारदाता
काठमाडौं, १५ फागुन

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले विद्युतीय सवारीसाधन (ईभी)को ऋण मूल्य अनुपातको सीमा ६० प्रतिशतमा झारिएकामा आपत्ति जनाएको छ।

नाडाले बिहीबार प्रेस विज्ञप्ति जारीगरी नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत ईभीको ऋण मूल्य अनुपातको सीमा तल झार्नुलाई ग्रिन इनर्जीलाई प्राथमिकता दिने सरकारको नीतिविपरीतको कदम भनेको छ।

'सरकारले नीतिगत रूपमै ग्रिन इनर्जीलाई उच्च प्राथमिकता दिने निर्णय गरी सोहीअनुरूप विद्युतीय सवारीसाधनहरूलाई विशेष सुविधासमेत प्रदान गर्दै आएकामा मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाले सरकारको नीतिलाई नै उपेक्षा गरेको देखिन्छ,' नाडाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'विद्युतीय सवारीसाधनको व्यवसायमा लागेका व्यवसायीहरूलाई ठूलो मर्का पर्ने अवस्था सिर्जना भएको छ।'

नाडाले राष्ट्र बैंकको नीतिबाट विद्युतीय सवारीसाधन प्रयोगमा कमी आउने भन्दै ऋण मूल्य अनुपातको सीमा ८० प्रतिशत नै कायम गर्न आग्रह गरेको छ। इन्धन गाडीको ऋण मूल्य अनुपातको सीमा ५० बाट ६० पुर्‍याइएकामा नाडाले यसलाई सकारात्मक कदम भनेको छ।

राष्ट्र बैंकले गत १३ फागुनमा चालू आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाका क्रममा ऋण मूल्य अनुपात ईभीको ८० बाट ६० प्रतिशतमा झारेकामा इन्धन गाडीको ५० बाट ६० प्रतिशत पुर्‍याएको थियो।

## जापानी लगानीकर्तालाई लगानी बढाउन आग्रह

राजधानी समाचारदाता
काठमाडौं, १५ फागुन

सरकारले जापानी लगानीकर्तालाई नेपालमा लगानी बढाउन आग्रह गरेको छ। हाल नेपाल जापान फ्रेन्डसिप समिट-२०२५ मा सहभागीता जनाउन नेपाल आएका जापानका विभिन्न व्यावसायिक कम्पनीका प्रतिनिधिहरूलाई उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपालमा लगानी बढाउन आग्रह गरेका हुन्।

बिहीबार जापानका व्यवसायी प्रतिनिधि टोलीले अर्थमन्त्री पौडेलसँग शिष्टाचार भेटघाट गरेका थिए। सो भेटका अवसरमा उपप्रधान तथा अर्थमन्त्री पौडेलले नेपालको विकासका प्राथमिकताका क्षेत्रहरूमा जापानी लगानी आकर्षित गर्ने ठूलो सम्भावना रहेको बताए। उनले नेपाल जापान फ्रेन्डसिप समिटले नेपालमा लगानीकर्ताका लागि अनुकूल वातावरण रहेको सन्देश प्रवाह गर्ने र जापानी लगानीकर्तालाई नेपालमा थप लगानी गर्न उत्प्रेरित गर्ने विश्वास व्यक्त गरे। यसैगरी, अर्थमन्त्री पौडेलले विदेशी लगानीकर्ताका लागि जलविद्युत्, पर्यटन र उत्पादनमूलक क्षेत्रमा पनि लगानीका लागि आकर्षक क्षेत्र रहेकाले यस्ता क्षेत्रहरूमा ठुक्कका साथ उत्साहित भएर लगानी गर्न आग्रह गरे।

उनले सरकारले निजी क्षेत्रका सरोकारहरूलाई सम्बोधन गरी वैदेशिक लगानी भित्र्याउनेलगायत विभिन्न कानुनहरू अध्यादेशमार्फत संशोधन गरी लगानीका लागि अझ सहज वातावरण तयार गरेको जानकारी दिए। सो समिटका लागि नेपाल आइपुगेर अर्थ मन्त्रालय पुगेका जापानी व्यवसायीको प्रतिनिधि टोलीमा फुजिता, बेन्सेस कर्पोरेसन, डिजिटल पाइलट, टोकियो मरिन, फोर्थ भ्यालीलगायत एक दर्जनभन्दा बढी कम्पनीका व्यवसायी प्रतिनिधि सहभागी थिए।

## गरिमा बैंकलाई द एचआरएम अवार्ड

**काठमाडौं/रास–** गरिमा विकास बैंक लिमिटेड 'द एचआरएम अवार्ड अफ कर्पोरेट एक्सिलेन्स २०२४'बाट सम्मानित भएको छ। कर्पोरेट क्लब नेपालले यस वर्ष विभिन्न २२ विधामा अवार्ड प्रदान गरेको हो।

यसमा प्रतिष्ठित कर्पोरेट एक्सिलेन्स डिभलपमेन्ट रिजनल बैंक एन्ड फाइनान्स बिधामा सो अवार्डबाट सम्मानित गरिएको हो। ललितपुरमा आयोजना भएको सो अवार्डको जुरी मेम्बरमा प्रोडा फत्त बहादुर केसी. (जुरी चिफ), सशिन जोशी (विभिन्न वाणिज्य बैंकको प्रमुख कार्यकारी अधिकृत रही हाल अध्यक्ष, फोनपे पेमेन्ट सोलुसन प्रालि), सरिता अधिकारी पूर्वनिर्देशक नेपाल राष्ट्र बैंक) र पत्रकार दिलभुषण पाठक सहभागी थिए।

**साउदी अरेबीयामा रोजगारीको अवसर**

कम्पनी: ROAA ABDUL RAHMAN HAMAD KUMAIT AUTOMOTIVE SERVICES EST

Pre Approval Date: 2025/02/27 Chalani No.60233660 LOT No. 319579 City: Jeddah

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE WASHING AND LUBRICATING WORKER | 1 | 0 | 1300 | ४८,३५९/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**यु.ए.इमा रोजगारीको अवसर**

कम्पनी: GULF CRAFT INC COMPANY LLC

Pre Approval Date: 2025/02/27 Chalani No.60233649 LOT No. 319491 City: UAE

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electricians - GCC Exp. | 5 | 0 | 1300 | ४५,३८०/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | Finishing Carpenter | 50 | 0 | 1300 | ४५,३८०/- | | | | | | | | |
| 3 | Helper | 15 | 0 | 1000 | ३७,९८५/- | | | | | | | | |
| 4 | Laminators | 10 | 0 | 1300 | ४५,३८०/- | | | | | | | | |
| 5 | Painter (Furniture) | 05 | 0 | 1300 | ४५,३८०/- | | | | | | | | |
| 6 | Plumber | 10 | 0 | 1300 | ४५,३८०/- | | | | | | | | |
| 7 | Skill Worker (Welder) | 05 | 0 | 1300 | ४५,३८०/- | | | | | | | | |

अन्तरवार्ता मिति:२०८१/११/२३ गते (7 March 2025) म्यानपावरको कार्यालय सिनामंगलमा हुनेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | साउदी अरेबीया : १०००० यूएइ : नि:शुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

NATIONAL EXPORTS MANPOWER CONSULTANTS PVT. LTD.
Shambhu Marge Road Number 4, Sinamangal 9, Kathmandu Nepal., Tel No.: +977 1 01 4578786
Email: nationalexportsmc@gmail.com, Website: www.nationalexportsmc.com
Gov. License No.: 1312/074/075

## प्रोग्रेसिभ फाइनान्सको ३०औं वार्षिकोत्सवमा रक्तदान

**काठमाडौं/रास–** प्रोग्रेसिभ फाइनान्स लिमिटेडले बुधबार २९औं वर्ष पूरा गरी ३०सौं वर्षमा प्रवेश गरेको छ। सो अवसरमा फाइनान्सले पाटन सुन्धारामा खुला रक्तदान कार्यक्रम आयोजना गरेको जनाएको छ।

स्टार हस्पिटल प्रालिको प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा रक्तदाताहरूको उल्लेखनीय उपस्थिति थियो। सो अवसरमा प्रोग्रेसिभ फाइनान्सका अध्यक्ष लक्ष्मीप्रसाद महर्जनले व्यावसायिक क्रियाकलापसँगसँगै यसप्रकारका सामाजिक गतिविधिहरूलाई पनि अगाडि बढाउन सकेकामा खुसी प्रकट गरे। प्रमुख कार्यकारी अधिकृत अनिल श्रेष्ठले सम्पूर्ण रक्तदाताहरूलाई धन्यवाद व्यक्त गर्दै स्वास्थ्य सेवाजस्तो आधारभूत आवश्यकतालाई प्राथमिकता दिई यस फाइनान्सले आयोजना गरेको रक्तदान कार्यक्रमबाट अमूल्य जीवन बचाउन सकिने भएकाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आगामी दिनमा पनि यस्ता कार्यक्रम आयोजना गर्ने प्रतिबद्धता व्यक्त गरे। सो अवसरमा फाइनान्सका कर्मचारीसमेतको सहभागितामा ६४ जनाले रक्तदान गरेको सो फाइनान्सले जनाएको छ। एटीएम, मोबाइल बैंकिङ, इ बैंकिङ, आईपीएस, कनेक्ट आईपीएस, क्यूआर पेमेन्ट, सी आस्वा, डी-म्याटलगायत प्रविधिमा आधारित बैंकिङ सेवा सहज उपलब्धता रहेको यस प्रोग्रेसिभ फाइनान्सले हाल २३ शाखा तथा ४ वटा विस्तारित काउन्टरमार्फत सम्पूर्ण बैंकिङ सेवा प्रवाह गरिरहेको जनाएको छ।



**साउदी अरेबियामा रोजगारीको अवसर**

कम्पनी: GOLDEN SCREWDRIVER FOR OPERATION AND MAINTENANCE

Pre Approval Date: 2025/02/27 Chalani No. 60233617 LOT No. 319496 City: KSA

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD LABOUR | 5 | 0 | 1100 | ४०,९३२/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/११/२३ गते (07 Mar. 2025) म्यानपावरको कार्यालयमा हुनेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | नि:शुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Eagle Manpower Consultant Pvt. Ltd.
'वैदेशिक यात्राको भरपर्दो साथी'
Head Office: Chandol, Kathmandu, Nepal
Govt. Lic. No.: 1606/079/080
Head Office Phone No.: 01-5912955 | Email: Marketing@eaglemanpower.com.np | www.eaglemanpower.com.np

बागमती प्रदेश सरकार
**कृषि विकास निर्देशनालय**
हेटौंडा, मकवानपुर

**सूचना सच्याइएको**

(प्रकाशित मिति २०८१/११/१६)

यस निर्देशनालयद्वारा मिति २०८१/११/१३ मा राजधानी दैनिकमा प्रकाशित विद्युतीय/ शिलबन्दी बोलपत्र आह्वानको सूचनामा विद्युतीय बोलपत्र मात्र हुनु पर्नेमा विद्युतीय/शिलबन्दी बोलपत्र हुन गएको हुँदा उक्त सूचना सच्याइएको छ। पूर्ण सूचनाको लागि यस निर्देशनालयको वेभसाइट https://doad.bagamati.gov.np हेर्न हुन अनुरोध छ।

निर्देशक

**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालबस्तुको अधिकतम खुद्रा बिक्रीमूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

तपशिल

| SNO. | Good Name | Brand | Model No. | Country Of Orgin | Unit | Unit Pri. | MRP |
|---|---|---|---|---|---|---|---|
| 1. | Range Hood (Chemny) | European Standard Anshu | HA3 | China | 1 | 8000 | 8000 |
| 2. | Range Hood (Chemny) | European Standard Anshu | HX9005 | China | 1 | 8000 | 8000 |
| 3. | Range Hood (Chemny) | European Standard Anshu | Ha9018 | China | 1 | 8000 | 8000 |
| 4. | Range Hood (Chemny) | European Standard Anshu | YB2407T | China | 1 | 8000 | 8000 |
| 5. | Range Hood (Chemny) | European Standard Anshu | T2 | China | 1 | 8000 | 8000 |
| 6. | Range Hood (Chemny) | European Standard Anshu | S1 | China | 1 | 8000 | 8000 |

विक्रेताको नाम: ANSHU TRADERS Exim Code M 6005190160157NP
ठेगाना : KOTESHWOR-35, KATHMANDU, NEPAL फोन नं. : 9851053967

"आपसी सहयोग, सद्भाव र सामुहिक हितका लागि सहकारी"
**हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
Hamro Saving and Credit Co-operative Society Limited
मुख्य कार्यालय : ललितपुर महानगरपालिका–६, लगनखेल, ललितपुर, सम्पर्क नं.: ०१-५४४५२२९
सेवाकेन्द्रहरु : गोदावरी न.पा–१०, चापागाउ, महाँकाल गा.पा.–३, गोटिखेल, कामनपा–२६, गोंगबु
E-mail : hamrosaccos.coop@gmail.com, hamronamunasaccos@gmail.com

**धितो लिलामी प्रक्रिया स्थगन तथा लिलामीको मिति परिवर्तन गरिएको सम्बन्धि सूचना**

यस संस्थाका केहि सदस्यहरुले संस्थाबाट ऋण लिई ऋणको किस्ता तथा व्याज ऋण सम्झौता बमोजिम नतिरि वारम्बार ताकेता गर्दा समेत वेवास्ता गरी भाखा नघाएकोले आवश्यक कानूनी प्रक्रिया पुरा गरी मिति २०८१ साल माघ १० गते राजधानी दैनिक पत्रिकामा धितो लिलाम सम्वन्धि सुचना प्रकाशन भई मिति २०८१ साल फागुन १६ गते धितो लिलामी प्रक्रिया निर्धारण गरिएकोमा सम्वन्धित ऋणीहरु संस्थामा उपस्थित भई ऋण चुक्ता गर्ने समय थप माग गरेकोले मिति २०८१ साल चैत्र १६ गतेसम्म लिलामी प्रक्रिया स्थगन गरिएको छ। उक्त मिति भित्र ऋण चुक्ता नगरेमा मिति २०८१ साल चैत्र १७ गते लिलाम हुने जानकारी सम्बन्धित सवैमा यसै सूचना मार्फत जानकारी गराइन्छ।

**अधिकतम खुद्रा बिक्रि मुल्य (MRP) प्रकाशन को सुचना**

यस अन्नपुर्ण ग्लोबल इम्पेक्स प्रा.लि.ले चाइना बाट पैठारी गरेको एअर कण्डिसन को अधिकतम खुद्रा बिक्रि मुल्य निम्न बमोजिम भएको ब्यहोरा सर्बसाधारण हरू को लागी प्रकाशन गरिएको छ।

| सि.न. | मालबस्तु को बिबरण | आकार प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पादित मुलुक राष्ट्र | इकाई | प्रति इकाई मुल्य | अधिकतम खुद्रा बिक्रि मुल्य MRP |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | एअर कण्डिसन | स्पिलट टाइप इनवर्टर | राठी | 12KR32 | १ टन | चाइना | प्रति थान | ५९५०० | ५९५०० |
| २. | एअर कण्डिसन | स्पिलट टाइप इनवर्टर | राठी | 18KR32 | १.५ टन | चाइना | प्रति थान | ७६००० | ७६००० |
| ३. | एअर कण्डिसन | स्पिलट टाइप इनवर्टर | राठी | 24KR32 | २ टन | चाइना | प्रति थान | ९५००० | ९५००० |

फर्म को नाम : अन्नपुर्ण ग्लोबल इम्पेक्स प्रा.लि. स्थायी लेखा नं. ६१००४७१९४ ठेगाना : बुढिगंगा, मोरङ्ग, फोन नं. ०२१-५१४५४२

का.जि.प्र.का.द.नं. १०३/०४०/४१, म.क्षे.हु.नि.द.नं. २४/२०६९/०७०



## 'वरिष्ठ बलराम'मा दयाहाङ र विजय

सुरेन्द्र पौडेल निर्देशक रहनेगरी 'वरिष्ठ बलराम' निर्माण घोषणा गरिएको छ । 'कबड्डी' शृंखलामा जोडी बनेका अभिनेता दयाहाङ राई र विजय बराल यस चलचित्रमा शीर्ष भूमिकामा छन् । चलचित्रलाई आउँदो तिहार लक्ष्मीपूजाको दिन रिलिज गरिने भएको छ ।



# 'म नै विश्वको सर्वकालीन उत्कृष्ट फुटबलर हुँ'




**एजेन्सी**
म्याड्रिड, १५ फागुन

पोर्चुगलका स्टार खेलाडी क्रिस्टियानो रोनाल्डोले बुधबार आफ्नो ४०औं जन्मदिन मनाएका छन् । आफ्नो सफल 'करियर'भर उनी जुन आत्मविश्वास र आत्मसम्मानमा सधैं गर्व गर्थे, त्यही आत्मविश्वास र आत्मसम्मानसाथ उनले 'आफू सर्वकालीन उत्कृष्ट फुटबलर भएको' दाबी गरेका छन् ।

रियल म्याड्रिडका पूर्वस्टार रोनाल्डो अहिले साउदी अरेबियाको अल नासर फुटबल क्लबबाट खेल्छन् । 'विश्वको सर्वकालीन उत्कृष्ट फुटबलर को हो ?' भन्नेबारे शंका नगर्नसमेत उनले आग्रह गरेका छन् । रोनाल्डोले एक स्पेनी टेलिभिजन च्यानललाई दिएको अन्तर्वार्तामा भनेका छन्, 'म फुटबल इतिहासको सर्वश्रेष्ठ गोलकर्ता हुँ, देब्रे खुट्टा धेरै प्रयोग नगरे पनि म इतिहासमा देब्रे खुट्टाले गोल गर्ने शीर्ष १० मा छु, यी तथ्यांकले म अहिलेसम्मकै सबैभन्दा पूर्ण खेलाडी हुँ भनेर देखाउँछन् ।'

रोनाल्डोले 'खेलमा दिमाग राम्रोसँग प्रयोग गर्ने' बताउँदै अगाडि भनेका छन्, 'म राम्रो फ्री किक हान्छु, छिटो दौडन्छु, म बलियो छु, राम्रोसँग उफ्रिन्छु, मैले आफूभन्दा राम्रो अरू कसैलाई देखेको छैन ।' पोर्चुगिज स्टार खेलाडी रोनाल्डोले अन्तर्राष्ट्रिय फुटबलमा सर्वाधिक २ सय १७ खेल खेलेका छन्, जसमा उनले १ सय ३५ गोल गर्दै 'विश्व कीर्तिमान' बनाएका छन् । यसअघि पनि रोनाल्डोले धेरैपटक 'आफूलाई फुटबल इतिहासमा अहिलेसम्मकै उत्कृष्ट खेलाडी'का रूपमा दाबी गर्दै आएका छन् । जब-जब उनलाई लियोनल मेस्सी र उनीमध्ये 'को उत्कृष्ट ?' भनेर सोधिन्थ्यो । उनले सधैं 'अर्जेन्टिनी स्टार मेस्सीको प्रशंसा' गर्दै आएका छन् । तर, आफूलाई 'राम्रो भन्न' भने कहिल्यै पछि परेका छैनन् ।

# फेवातालको आँगनमा लै-लै स्रष्टा-कलाकारका छाया



**विजय नेपाल/राजधानी**
पोखरा, १५ फागुन

पर्यटकीय नगरी पोखरामा १२औं नेपाल लिटरेचर फेस्टिभल सुरु भएको छ । फेवातालकिनार बाराहीघाटमा बिहीबारदेखि सुरु फेस्टिभल चार दिनसम्म चल्नेछ । बुक वर्म फाउन्डेसनद्वारा आयोजित फेस्टिभलमा ५० भन्दा बढी छलफल सत्र, अन्तर्क्रियात्मक कार्यक्रम, सांगीतिक प्रस्तुति र अन्य रचनात्मक कार्यक्रम फेस्टिभल निर्देशक अजीत बरालले जानकारी दिए । उनका अनुसार देश-विदेशका २ सय जनाभन्दा बढी साहित्यकार, राजनीतिज्ञ, लेखक, कलाकार, पत्रकार, सम्पादक एवं विशिष्ट व्यक्तित्वको उपस्थिति रहनेछ ।

फेस्टिभलमा साहित्यसँग जोडिएका सामाजिक, राजनीति, आर्थिक, नवीन प्रविधि, सिनेमालगायत विविध क्षेत्रका विषयमाथि गम्भीर छलफल हुनेछ । परम्परागत धुन र लयलाई समकालीन परिवेश सुहाउँदो स्वरूप दिने सांगीतिक समूह 'सोनागी ब्लुज'ले पनि फेस्टिभलमा प्रस्तुति दिनेछ ।

फेस्टिभलको यस संस्करणमा दुई फरक पुस्ताका लेखकको पुस्तकमाथि विमर्श हुनेछ । अग्रज वामपन्थी नेता एवं नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहद्वारा लिखित १ हजार ३ सय २० पृष्ठको उपन्यास 'कामरेड जलजला' माथि विमर्श हुने र ६ वर्षीय भूमिलक्ष्मी पराजुलीको 'मरमेड, ह्वेल एन्ड प्रिन्सेस' नामक चित्रकथा पुस्तक सार्वजनिक गरिने फेस्टिभलका निर्देशक बरालले जानकारी दिए । फेस्टिभल नयाँ पुस्ताका लेखक तथा विचारक तयार पार्ने माध्यम बन्ने आयोजकको दाबी छ ।

फेस्टिभल उद्घाटन गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले साहित्य अभिव्यक्तिको सशक्त माध्यम भएको बताए । भूपि शेरचनको कृति 'घुम्ने मेचमाथि अन्धो मान्छे' पढेर आफू क्रान्ति र परिवर्तनप्रति आकर्षित भएको स्मरण गर्दै उनले भने, 'यहाँ समाज, संस्कृति, अर्थतन्त्र, राजनीतिलगायतका विषयमा विचार-विमर्श हुन्छ, यसबाट सामाजिक रूपान्तरणमा योगदान पुग्छ, यो अन्यभन्दा नितान्त नौलो र सिर्जनशील कार्यक्रम हो ।' उनले पुस्तक पढ्ने संस्कृति विकास गर्दै पोखराको पर्यटन क्षेत्रमा पनि यसले टेवा पुर्‍याउने विश्वास व्यक्त गरे । उद्घाटन सत्रमा प्राध्यापक तथा अर्थशास्त्री महेन्द्र पी लामाले विद्वत् प्रवचन दिएका थिए ।

पहिलो दिन 'अलिअलि हार हो, अलिअलि जित' सेसनमा अभिनेत्री मनीषा कोइरालासँग सञ्चारकर्मी विजयकुमारले छलफल गरे । 'स्मृतिमा भूपी' सेसनमा वसन्त थापाले कान्ति शेरचन र कविता शेरचनसँग कुराकानी गरे ।

'प्रदेशका पाइला' सेसनमा फेस्टिभलका सदस्य भरत कोइरालाले गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसँग छलफल गरे । 'राजनीतिका सुखदुःख' मा गण्डकीका पूर्वमुख्यमन्त्री खगराज अधिकारीसँग पत्रकार महासंघ अध्यक्ष निर्मला शर्मा गफिइन् ।

सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङसँग पत्रकार विजय तिमिल्सिनाले 'सञ्चार संवाद'बारे छलफल गरे भने 'त्यो पत्र, यो प्रेम र साहित्य' सेसनमा आयोजक समिति सदस्य केशवशरण लामिछाने, भावेश भुमरी र प्रणीता चाम्लिङले कुराकानी गरे ।

'रैथाने ज्ञानको विज्ञान' सेसनमा सीता मादेम्बाले सुभाष नेपाली, गीता चौधरी र सुरेश ढकालसँग कुराकानी गर्दा अन्तिम सेसन 'गण्डकीमा गुरुङ र मगर भाषा'बारे गौरी तमुले गण्डकीका सामाजिक विकासमन्त्री विन्दुकुमार थापा, विष्णु सिंजाली र जूनाकुमारी गुरुङसँग छलफल गरिन् । फेस्टिभलको प्रमुख प्रस्तुतकर्ता एनसेल फाउन्डेसन हो ।

## जीवनको तेस्रो घुम्तीमा मनीषा

अभिनेत्री मनीषा कोइरालाले आफू जीवनको तेस्रो घुम्तीमा रहेको बताएकी छन् । पोखरामा बिहीबारदेखि सुरु १२औं लिटरेचर फेस्टिभलमा सञ्चारकर्मी विजयकुमारसँग गफिँदै उनले यस्तो बताएकी हुन् ।


'मेरो जीवनका तीन घुम्तीहरू छन्, जहाँसम्म मलाई सम्झना छ, एउटा त फिल्म इन्डस्ट्री, दोस्रो जब मलाई क्यान्सर भयो, मलाई थाहा थिएन, बाँच्छु वा मर्छु,' उनले भनिन्, 'अहिले म ५४ वर्षकी भएँ, मेरो कोसिस के छ भने नौलो जिन्दगी हुनेछ, मसँग यत्रो वर्षको भोगाइ, पीडा र सुखदुःखको एउटा अनुभव छ, त्यसलाई लिएर अब अगाडि कसरी बढ्ने ? भनेर अहिले तेस्रो घुम्तीमा छु ।' उनले अगाडि भनिन्, 'म जहिले जवान थिए, मसँग असाध्यै ऊर्जा थियो, त्यसैको प्रभावले कहिले निकै उचाइमा पुगें, खस्दा पनि छलंग नै खसें ।'

मनीषाले आफू क्यान्सरबाट पीडित हुँदा मृत्युको बोध वा भयले घेरिएको स्मरण गरिन् । उनले भनिन्, 'एक्लोपनले गिजोलेको थियो, मृत्यु, मलाई लाग्छ हामी सबैको एक न एक दिन सत्य हुन्छ, कसैको छिटो, कसैको ढिला तर हामीले एक दिन भोग्नु नै पर्छ, त्यसपछि मलाई लाग्यो कि मैले बाँच्न पाएँ भने कस्तो जीवन बाँच्ने भनेर मैले त्यतिखेर नै सोचेको थिएँ कि ल यस्तो, यस्तो, यस्तो गर्छु भनेर ! बाँच्न पाएँ अहिले त्यही बाटोमा हिँडेर म अघि बढिरहेकी छु ।'

उनले अहिलेको समय जीवनको अन्तिम क्षण र अन्तिम दिनहरू भएको बताइन् । उनले जीवनको बोध सुनाइन्, 'हरेक मान्छेहरूको सोच फरक हुन्छ, तपाईंसँग एक जना होस्, १० जना होस्, कोही नहोस् तर तिमी शान्त छौ भने केही हुँदैन, हामीलाई गाह्रो कहाँनेर हुन्छ भने जब हामीले अपेक्षा राख्छौं, यसले माया गर्देला, मलाई दुःख परेको बेलामा यो मान्छे उभिन्छ होला भनेर अपेक्षा गर्छौं त्यसभन्दा पनि ठूलो त्यो उभियो भने ठीकै छ नउभिए पनि ठीकै छ नि त ! भनेर स्वीकार गर्न सक्नुपर्छ ।'

उनले सिर्जनशीलतामा जोड दिनुपर्ने सुझाव दिइन् । राजनीतिक परिवारमा हुर्किएपछि केटाकेटीदेखि नै राजनीतिबारे सुन्दासुन्दा रुचि कम रहेको मनीषाले स्पष्ट पारिन् । उनले नेपाली चलचित्रको बजार राम्रो रहेको बताइन् । उनले भनिन्, 'पूर्णबहादुरको सारंगी' भन्ने सिनेमा छ नि पहिलो ५० करोड बढी कमाउने, यो सुरुवात हो किनकि पहिलेपहिले नेपाली सिनेमाको बजेट र निर्माताले पाउने बजेट ३० लाख मात्रै हो, अहिले सय करोडमा पुगेपछि सम्भावनाका ढोका खुलेका छन् ।'

# 'छावा'हेर्न मोदीको अपिल



**एजेन्सी**
मुम्बई, १५ फागुन

भारतीय चलचित्र 'छावा'ले रिलिजको १४औं दिनमा करिब ४ सय करोडको आँकडा बनाएको छ । छत्रपति सम्भाजी महाराजको जीवनमा आधारित ऐतिहासिक एक्सन ड्रामा चलचित्र गत १४ फेब्रुअरीमा रिलिज गरिएको थियो । लक्ष्मण उतेकर निर्देशित चलचित्रको व्यापार महाशिवरात्रिमा बुधबार राम्रोसँग वृद्धि भयो । १२औं दिनमा चलचित्रले १८ दशमलव ५ करोडको व्यापार गरेको थियो । १३औं दिनमा चलचित्रको व्यापार बढेर २१ दशमलव ७५ करोड पुगेको हो । यस चलचित्रले पहिलो दिन ३१ करोड भारतीय रुपैयाँको व्यापार गरेको थियो ।

यस चलचित्रको भारतबाहिर पनि त्यत्तिकै राम्रो व्यापार भइरहेको छ । भारतबाहिर विश्वव्यापी रूपमा बुधबारसम्म २ सय ५० करोडको व्यावसायिक आँकडा पार गरिसकेको छ । 'छावा' सन् २०२५ को सबैभन्दा धेरै कमाउने भारतीय चलचित्रसमेत बन्न सफल भएको छ । शिवाजी सावन्तको 'छावा' नामको मराठी उपन्यासमा चलचित्र 'छावा' आधारित छ । लक्ष्मण उतेकरद्वारा निर्देशित, चलचित्र 'छावा'मा मराठका शासक छत्रपतिको जीवनीमा आधारित छ । विक्की कौशलले मुख्य भूमिका निर्वाह गरेको यस चलचित्रमा अक्षय खन्ना मुगल सम्राट औरंगजेबको भूमिकामा छन् । यसमा रश्मिका मन्डना, दिव्या दत्ता, डायना पेन्टीलगायतको मुख्य भूमिका छ ।

यसैबीच, प्रधानमन्त्री नरेन्द्र मोदीले चलचित्र 'छावा' हेर्नका लागि दर्शकलाई अपिल गरेका छन् । उनले दिल्लीको विज्ञान भवनमा ९८औं अखिल भारतीय मराठी साहित्य सम्मेलनमा आफ्नो सम्बोधनका क्रममा चलचित्र 'छावा'को खुलेर प्रशंसा गरे । 'महाराष्ट्र र मुम्बईले मराठी चलचित्रसँगै हिन्दी चलचित्रलाई पनि यो प्रोत्साहन गरेको देखियो,' कार्यक्रममा मोदीले भने, 'यस्ता ऐतिहासिक चलचित्रले भारतीय सम्राटहरूलाई श्रव्यदृश्यमार्फत अझ जीवित राख्ने हुँदा अरू राजा महाराजाको जीवनी पनि पर्दामा ल्याउनुपर्छ ।'

# तोरण शीर्षस्थानमा कायमै

**राजधानी समाचारदाता**
काठमाडौं, १५ फागुन


सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत पाँचौं प्रतियोगिता सूर्य नेपाल एनपीजीए टुर च्याम्पियनसिपमा तोरणविक्रम शाही लगातार शीर्षस्थानमा कायमै रहन सफल भएका छन् । बिहीबार २-अन्डर ७० को स्कोर गरेका उनी १३-अन्डर २०३ सहित शीर्षस्थानमा कायमै रहेका हुन् । उनले निरज तामाङलाई १ स्ट्रोकले पछि पारे ।

४-अन्डर ६८ सहित १२-अन्डर २०४ को स्कोरमा निरज दोस्रो स्थानमा कायमै छन् । अन्तिम १८ होलको खेल बाकी छँदा निरजले अग्रता १ स्ट्रोकमा झार्दै लिडर तोरणलाई दबाब दिए । दुई एमेच्योर गल्फर राहुल विश्वकर्मा र नेपाल नम्बर एक एमेच्योर गल्फर सद्भाव आचार्य दुवैले ६-अन्डर ६६ को सानदार प्रदर्शन गरे । राहुल र सद्भाव ६-अन्डर २१० सहित संयुक्त रूपमा तेस्रो स्थानमा रहेका छन् । एमेच्योरतर्फ उनीहरू दुवैले शीर्षस्थान बाँडे ।

समग्रमा ५-अन्डर २११ बनाएका जयराम श्रेष्ठले ४-अन्डर ६८ को स्कोर कार्ड तयार पारे । उनी पाँचौं स्थानमा रहे । नेपाल नम्बर एक प्रो भुवन नगरकोटीले ३-अन्डर ६९ को स्कोर निकाल्दै ४-अन्डर २१२ सहित छैटौं स्थानमा उक्लिए । १-अन्डर ७१ को स्कोरमा बिहीबार ३-अन्डर २१३ सहित दिनेश प्रजापति सातौं स्थानमा छन् ।

सञ्जय लामाले ३-अन्डर ६९ को स्कोर गरे । सञ्जय २-अन्डर २१४ को स्कोरमा आठौं स्थानमा रहेका छन् । इभन-पार २१६ स्कोर जोडेका रामे मगर र टंकबहादुर कार्कीले नवौं स्थान बाँडे । रामेले २-अन्डर ७० र टंकले २-ओभर ७४ को स्कोर निकाले ।

लगातार तेस्रो दिन पनि शीर्षस्थानमा रहने क्रममा तोरणले फ्रन्ट नाइन २-अन्डर ३४ मा खेल सकाए । उनले छैटौं र सातौं होलमा बर्डी प्रहार गरे ।




स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेशन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : सचिन शेरचन, प्रबन्ध निर्देशक : आशिष शेरचन, सम्पादक : सरोज मिश्र